// नेपाली

(त्रैमासिक)

२०६८ साउन, भदौ र असोज पूर्णाङ्क २०८

## गुठीको समाचार

### १. २०६७ का पुरस्कार

२०६८/५/३/७ मा गुठीको साधारणसभा दिउँसो ३ बजे गुठीका अध्यक्षज्यूको निवासमा बस्यो। त्यसले २०६७ का पुरस्कारहरू (१) जगदम्बा-श्री तथा (२) मदन पुरस्कारको घोषणा गऱ्यो । घोषणा अनुसार –

(१) संवत् २०६७ सालको पुरस्कार जगदम्बा-श्री कवि श्री दुर्गालाल श्रेष्ठलाई–
"गत छ दशकदेखि आफ्नो मातृभाषा तथा नेपाली भाषामा अत्यन्त सुमधुर गीत, कविता, काव्य तथा बालसाहित्य लेखी नेपाली वाङ्मयलाई समृद्ध तुल्याउने कार्य गरिरहे बापत" प्रदान गरिने भएको छ। त्यस्तै

(२) २०६७ सालको मदन पुरस्कार धनकुटा कचिडेका श्री ऊमककुमारी घिमिरेलाई उहाँको ग्रन्थ "जीवन काँडा कि फूल" लाई प्रदान गरिने छ।

– कार्यालय सचिव
म.पु. गुठी

(बाँकी पृष्ठ ३ मा)

## मदन पुरस्कार पुस्तकालयको पाना

# मानवअधिकार र संविधान

साधारणतः यस्ता कुरा देखिँदैनन् यस स्तम्भमा तर यो 'पाना' पुराना साहित्य या इतिहास वा अन्य प्रकारले नौला देखिने कुराहरू मात्र आउनु पर्ने ठाउँ होइन । अत्यन्त आधुनिक या भरखरै भए गरेका कुरा पनि नेपाली भाषामा कसरी अभिलिखित भएर बस्छन् भन्ने देखाउने पनि यस स्तम्भको उद्देश्य हो । जस्तो आजैको यो प्रविष्टि हेरूँ ।

"एलायन्स फर सोसल डायलग" ('सामाजिक संवादका लागि सहकार्य') भन्ने एउटा संस्था रहेछ हाल सालै खुलेको ।

"मानवअधिकार स्वतन्त्र सञ्चार र शिक्षा आदि सामाजिक महत्त्वका क्षेत्रमा काम गरिराखेका नेपाली सरोकारवालाहरूसँग सहकार्य गर्दै बौद्धिक संवादका लागि प्रयत्नरत" छ यो संस्था भनिएको छ । नभन्दै त्यसले हालै प्रकाशित गरेका दुईओटा मसिनामसिना किताप मपुपुमा आइपुगेका छन् । एउटामा विषय संविधान निर्माण छ भने अर्को छ मानवअधिकार सम्बन्धित । एउटाले हाम्रो संविधान तयार पार्ने कामका लागि छानिएर गएका ६०१ जना केके गर्दै छन् भन्ने कुराको चर्चा गर्छ । अर्कोले खोजी गरेको छ– नेपालीहरूको मानवअधिकारका बारेमा हाम्रा प्रेसहरूले कस्तो चाख लिएका छन् भन्ने कुराको । कतै टिप्पणी नगरी केवल अभिलेख राख्ने ती पुस्तिकाको उद्देश्य देखिन्छ। उदाहरणार्थ त्यो एउटा पुस्तिका (३०६२६) ले भन्छ : संविधान सभाको बैठक २०६५ साल जेठ १५ गतेदेखि २०६८ वैशाख ४ गतेसम्म कति पटक र जम्माजम्मी कति घण्टा बस्यो । त्यसको अभिलेखै दिएको छ। त्यो मात्र होइन, 'संविधान सभाको कुन बैठकमा के भयो ?' भन्ने पनि खोलिदिएको छ । अनि संविधानका कुनकुन विषयमा सहमति भइसके त्यस बेलासम्म र कुनकुन विषयमा अझै सहमति भएको छैन भन्ने पनि खुलस्त पारेको छ । जम्मा ३२ पेजमा यी सबै कुरा समेटिएका छन् । त्यस्तै पुस्तक नं. ३०६२७ मा कुन्दन अर्यालले नेपाली प्रेसले मानव अधिकारका विषयमा २०६२-६३

*(बाँकी पृष्ठ ४२ मा)*

*(पृष्ठ १ को बाँकी)*

## २. पुरस्कार अर्पण समारोह

२०६८ असोज १२ गते बिहीबार ललितपुर, पाटनढोका स्थित रातो बङ्गला स्कुलको अडिटोरियम (कमलमणि थिएटर) मा मदन पुरस्कार अर्पण गर्ने समारोह सम्पन्न भयो। ३ बजेको समय तोकिएको भए तापनि सडकको सवारी चापले धेरै जना अभ्यागतहरू आइपुग्न ढिला भएकाले बिस मिनेट पछि मात्र कार्यक्रम सुरु हुन सकेको थियो।

उद्घोषक (एमसी, सभाका कर्ताधर्ता-द्वय) सुधा ओझा तथा ज्ञाननिष्ठ ज्ञवालीले सभा प्रारम्भ भएको घोषणा गर्दा गुठीका अध्यक्ष श्री कमलमणि दीक्षित, विशिष्ट अतिथि पूर्व प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ तथा गुठीका सदस्य-सचिव श्री कुन्द दीक्षित आफ्ना आसनमा आसीन भैसक्नुभएको थियो। सुधा र ज्ञाननिष्ठले भन्नुभयो– "आज सभाको आरम्भ मङ्गलाचरणबाट सुरु हुन्छ– त्यो मङ्गलाचरण गान आजको यस आयोजनाका लागि अत्यन्त सान्दर्भिक छ किनभने यसका सर्जक आज सम्मानित हुने कविज्यू हुनुहुन्छ अनि गानाको गेडा आज पुरस्कृत हुने पुस्तकको नामसँग मिलेको छ।" उहाँहरूले यति भनेपछि रातो बङ्गला स्कुलका कलिला विद्यार्थीहरूले "फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार" भन्ने गीत सुमधुर कण्ठमा गाए, त्यसैको सँगसँगै पछिल्तिर पर्दामा 'पावर प्वाइन्ट' को माध्यमबाट मदन पुरस्कारको इतिहास दर्साउने सुरुदेखिका पुस्तक र लेखकका नाम र फोटोहरू 'प्रोजेक्सन' भैराखेका थिए। त्यस उप्रान्त सुधाले गुठीका अध्यक्षलाई स्वागत भाषणका लागि बोलाउनुभयो। अध्यक्षले आई

"ॐ असतोमा सद्गमय, तमसोमा ज्योतिर्गमय, मृत्योर्मा अमृतं गमय, ॐ शान्तिः ! शान्तिः ! शान्तिः !" भन्दै उच्चारण गरी अध्यक्षीय भाषण पढ्नुभयो। उहाँले भन्नुभयो–

"मान्यवर रामप्रसाद श्रेष्ठज्यू, आदरणीय कवि दुर्गालाल श्रेष्ठज्यू, श्रद्धेय रुमक घिमिरेज्यू, तथा उपस्थित विद्वद्जन,

तपाईंहरूलाई यस सभाकक्षमा गुठीका तर्फबाट हार्दिक स्वागत अभिवादन गर्दछु म कमलमणि ! तपाईंहरूलाई यसरी स्वागत गर्न पाउँदा गुठी परिवार गौरवबोध गर्दछ।

मान्यवर रामप्रसादज्यू, न्यायसेवाका व्यक्तिहरूको कमै मात्र दर्शन पाउँछौँ हामी हाम्रा समारोहहरूमा यद्यपि हाम्रो गुठीको परिकल्पनाकारहरूमध्ये एक जना न्यायसेवाकै त्यस बेलाका स्वनामधन्य व्यक्तित्व शम्भुप्रसाद ज्ञवाली हुनुहुन्थ्यो । आज तपाईं जस्तो व्यक्तिको सान्निध्य पाउँदा हामीहरू गौरवान्वित भएका, धन्य भएका छौँ ।

कवि दुर्गालालज्यू, तपाईंलाई जगदम्बा-श्री द्वारा सम्मानित गर्न पाउँदा हामी कृतकार्य भएको अनुभव गर्दछौँ। तपाईंले आफ्नो मतृभाषाका साथै राष्ट्रभाषा नेपालीको जुन निष्ठाका साथ सेवा गर्दै हुनुहुन्छ त्यो वास्तविक रूपमा राष्ट्रसेवा हो भन्ने हाम्रो धारणा छ। म तपाईंलाई भित्री हृदयले यस हलमा स्वागत गर्दछु। र हाम्रो स्वागतको परम्परा भङ्ग गर्दै म आज तपाईंका विषयमा हाम्रा एक जना कवि मित्रले कतै गरिराखेको छन्दोद्‌गार वाचन गर्ने अनुमति चाहन्छु। कविजीले भनेका छन् –

*लेखी मीठा गहक रचना मातृभाषा सजाई*
*कोरी त्यस्तै अमर रचना राष्ट्रभाषा फिँजाई*
*भर्ने मीठा कुसुम दिलमा गीतमा मुस्कुराई*
*प्यारा दुर्गा सहजकवि छन् राष्ट्रमा हाईहाई*

झमकजी, तपाईंलाई राष्ट्रिय विभूति नै मान्छु म। तपाईं जस्तो 'जिउँदो मान्छे' जन्माएर नेपाल आमा नै गौरवान्वित भएकी छन् भन्ने मेरो धारणा छ। तपाईंले संसारलाई एउटा सारपूर्ण शास्त्र दिनुभएको छ। कस्तै प्रतिकूल परिस्थितिसँग पनि सङ्घर्ष गरेर विजयी बन्न सकिन्छ भन्ने सन्देश तपाईंको पुस्तकले दिन्छ। त्यसै भएर नै तपाईंको 'जीवन काँडा कि फुल' मदन पुरस्कारद्वारा विभूषित भएको हो। तपाईंलाई बधाई छ। म तपाईंलाई यस समारोहमा उपस्थित सबैका तर्फबाट स्वागत गर्दछु। तपाईंका लागि पनि हाम्रा अर्का कवि मित्रले एउटा कविताञ्जली चढाएको मैले पढेको छु। त्यो पनि पारायण गर्ने अनुमति म यस सभाबाट माग्दछु। कविजी भन्छन् –

*राम्रो उत्कृष्ट लेख्यौ, झमक ! हृदयको धौ फुकाएर लेख्यौ,*
*लेख्यौ आफ्नै कहानी, समयसित जुधी जे निहारेर लेख्यौ*

*'काँडा हो जिन्दगानी, दुख अनि सुखको फूल हो जिन्दगानी'*
*भन्ने सन्देश घोली अभिलिखित गऱ्यौ  देशको यो कहानी।*

यस पटक यी दुवै पुरस्कार कसोकसो एक अर्कासँग आँत मिलाएर आए जस्तो लाग्छ। हुन त त्यो संयोग मात्र हो तापनि, ऐलेको यी दुवैको यो सामिप्य दैवी तारतम्य हो कि भन्ने मलाई लागेको छ। 'जीवन काँडा कि फुल' सँग आदरणीय आनी छोइङले अमर बनाएको 'फुलको आँखामा फुलै संसार, काँडाको आँखामा काँडै संसार' का स्रष्टा कवि दुर्गालालको के साइनो थियो र ? तैपनि यहाँ यी दुवै एकै मञ्चमा, एउटै व्यासमा कसरी सँगसँगै बस्न आइपुगे ? मलाई जस्तै तपाईंहरूलाई पनि अचम्म लागिरहेको होला। म यी दुवै 'ब्यौला' स्रष्टाहरूलाई पुनः बधाई अर्पण गर्दै स्वागत गर्दछु।

मलाई स्वागत भाषण गर्न बोलाउनुभएको थियो, सुधा र ज्ञाननिष्ठले। गन्थन गर्दागर्दै मैले त्यो काम गरिसक्न पाएकै छैन ! मुख्य तपाईं अभ्यागतहरू, आजका आदरणीय पाहुनाहरूलाई मैले स्वागत गर्न भ्याएकै छैन। त्यसैले अन्त्यमा म हृदयको अन्तरतम तहबाट तपाईंहरू सबै जनालाई स्वागत भन्दछु।

सबैको जय होस् !"

अध्यक्षले यसरी सबैको जय मनाउँदै स्वागत मन्तव्य टुङ्ग्याएपछि खास पुरस्कार अर्पण गर्ने कार्यारम्भ भयो। पहिले हाम्रो परम्परा अनुसार 'जगदम्बा-श्री' प्राप्त गर्ने कवि दुर्गालाल श्रेष्ठलाई दुई जना वरिष्ठ विद्वान् श्री सत्यमोहन जोशी तथा डा. भीष्मराज प्रसाईंले दुईतिरबाट ओल्क्याएर ल्याई अध्यक्षका सामु प्रस्तुत गर्नुभयो अनि अध्यक्षले सर्वप्रथम कपुरको बत्तीले अभ्यर्चना गर्दै पुरस्कारको प्रमाणपत्र कविजीलाई टक्र्याउनुभयो अनि पुरस्कारको रकम अर्पण गर्नुभयो। तत्पश्चात् उहाँलाई मञ्चमा कवचमा विराजमान गराइयो अनि श्रीमती शान्ता दीक्षितले उहाँलाई दुबो तथा फूलका मालाहरू पहिऱ्याउनुभयो।

त्यसपछि ह्विलचेयर (हाते बग्गी) मा दर्शकदीर्घामा बसिरहेकी 'ब्यौला' रुमक घिमिरेको ह्विलचेयर दुई जना आचार्यहरू ङ्ग्वाङ ओसेर

लामा तथा डा. माधवप्रसाद भट्टराईले गुडाउँदै ओल्क्याएर अध्यक्ष श्री कमलमणि दीक्षितका अगाडि ल्याउनुभयो अनि अध्यक्षले उस्तै प्रकार अभ्यर्चना गरी पुरस्कारको प्रमाणपत्र टक्रयाउनुभयो। झमकले आफ्ना चरण (खुट्टा) ले सो ग्रहण गर्नुभयो। तत्पश्चात् उहाँलाई अर्पण गरिएका पुरस्कारका दुई लाख रुपियाँको प्याकेट पनि खुट्टाले उठाएर लिनुभयो। त्यति गरेपछि उहाँको ह्विलचेयरलाई कवचहरूकै हारमा स्थापित गरियो अनि श्रीमती मिलन दीक्षितले उहाँलाई मालाहरू लगाइदिनुभयो।

मुद्रित कार्यक्रम बमोजिम नै त्यसपछि सुधा ओझाले विद्वान् पूर्व प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठलाई 'विद्वत् प्रवचन' प्रस्तुत गर्न आह्वान गर्नुभयो र उहाँले पढ्नुभयो–

"यस समारोहका सभापति एवं मदन पुरस्कार गुठीका अध्यक्ष श्री कमलमणि दीक्षितज्यू, यस वर्षको मदन पुरस्कार प्राप्त कृति "जीवन काँडा कि फूल" की स्रष्टा सुश्री झमक घिमिरेज्यू, जगदम्बा-श्री पुरस्कार विजेता कवि एवं साहित्यकार श्री दुर्गालाल श्रेष्ठज्यू, यस समारोहमा उपस्थित सम्पूर्ण विद्वान्, विदुषी एवं सर्जकहरू, भद्र महिला तथा सज्जनवृन्द, पत्रकार मित्रहरू !

सर्वप्रथम राष्ट्रिय महत्त्वको 'मदन पुरस्कार' एवं 'जगदम्बा-श्री पुरस्कार' वितरण समारोहमा मलाई आमन्त्रण गरी आफ्नो विचारहरू राख्ने अवसर उपलब्ध गराउनुभएकोमा मदन पुरस्कार गुठीका अध्यक्ष कमलमणि दीक्षितज्यू लगायत सम्पूर्ण गुठी परिवारप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु।

आफ्नो सम्पूर्ण जीवन न्याय र कानुनको क्षेत्रमा समर्पण गरेको म जस्तो व्यक्तिका लागि साहित्यिक क्षेत्रको विद्वत् समुदायसमक्ष उपस्थित भई साहित्यको महत्ता बुझ्न र त्यसको सार्थकताका बारेमा सुन्न पाउनु साँच्चि नै हर्षको कुरा हो। जीवनको जुनसुकै क्षेत्रमा रहे पनि हरेक व्यक्तिले अनेक आरोह-अवरोह एवं सुख र दुःखका अनुभूतिहरू सँगालेको हुन्छ। जीवन भोगाइका यिनै अनुभवहरूलाई मानव समाज समक्ष पस्कने एउटा सशक्त माध्यम साहित्य सिर्जना हो भन्ने मलाई लाग्दछ। तर साहित्य सिर्जना विनापरिश्रम, विनात्याग र विनाअभ्यास सहजै अभिव्यक्त हुने कुरा अवश्य होइन। मूलतः साहित्य सिर्जनाका लागि

प्रतिभा, समर्पण भाव र मानसिक शक्ति सबैभन्दा महत्त्वपूर्ण हुन्छ जस्तो मलाई लाग्दछ ।

मदन पुरस्कार गुठीले नेपाली भाषा र साहित्यको श्रीवृद्धिका लागि पुऱ्याउँदै आएको योगदान अतुलनीय रहेको तथ्य सबैलाई विदितै छ। विभिन्न साहित्यसेवी एवं सर्जकहरूले नेपाली साहित्यको क्षेत्रमा पुऱ्याएको योगदानलाई मूल्याङ्कन गरी विगत धेरै वर्षदेखि यस गुठीले 'मदन पुरस्कार' एवं 'जगदम्बा-श्री' पुरस्कारद्वारा त्यस्ता साहित्य साधकहरूलाई सम्मानित गर्ने स्तुत्य कार्य गरिआएको छ । यसै सिलसिलामा यस वर्षको 'मदन पुरस्कार'का लागि विलक्षण प्रतिभाकी धनी साहित्यसेवी सुश्री झमक घिमिरे तथा 'जगदम्बा-श्री पुरस्कार'का लागि प्रसिद्ध एवं गीतकार श्री दुर्गालाल श्रेष्ठज्यूलाई चयन गरी उहाँहरूलाई समर्पण गरेको छ । यस्तो महत्त्वपूर्ण पुरस्कार वितरण समारोहमा विद्वद्प्रवचन दिन पाउनु मेरो लागि अत्यन्त सुखद क्षण हो ।

यसभन्दा अगाडि झमक घिमिरेज्यूको बारेमा पत्रपत्रिका र अन्य सञ्चार माध्यम मार्फत केही कुराहरू मैले पनि पढेको र सुनेको थिएँ । तर मदन पुरस्कार गुठीले उहाँलाई मदन पुरस्कारद्वारा सम्मानित गर्ने भएपछि मलाई उहाँको बारेमा थप जानकारी लिने र उहाँका सिर्जनाहरू अध्ययन गर्ने थप जिज्ञासा रहिरहेको थियो । जब उहाँको 'जीवन काँडा कि फूल' कृति मेरो हातमा पऱ्यो तब मैले उहाँको जन्मदेखि बाल्यकाल र हालसम्म यावत् आरोह, अवरोह र सङ्घर्षका कठिनतम क्षणहरू अनुभूत गर्दै उहाँलाई नजिकबाट चिन्ने र बुझ्ने अवसर प्राप्त गरेँ। जैविक रूपमा असामान्य, अशक्त र विकलाङ्ग शरीर लिएर यस धर्तीमा आएकी झमक घिमिरेको कृति 'जीवन काँडा कि फूल' उहाँको असाधारण मानसिक शक्ति, विलक्षण प्रतिभा अझ भनौँ चामत्कारिक बौद्धिकताको प्रतिबिम्ब भएर नेपाली भाषा साहित्यको फाँटमा देखा परेको छ। झमकको स्थिति सम्भवत: विश्वमै असामान्य जैविक संरचना भएका मानवहरूको एउटा उदाहरणको रूपमा देखिन्छ। हात भए पनि चल्न नसक्ने, खुट्टा भएर पनि उभिन र हिँड्न नसक्ने भई घिस्रिनुपर्ने, लुलो खुट्टाकै भरले खानु र लेख्नुपर्ने जस्ता अकल्पनीय शारीरिक दुरावस्थाहरूलाई माथ गर्दै झमक घिमिरेले

आफ्नो दृढ इच्छाशक्ति, त्याग, समर्पण र कठोर सङ्घर्षबाट आफूलाई यो उचाइमा पुऱ्याएको देखिन्छ । कमजोर नै भए पनि उहाँको दृष्टिशक्ति र पर्याप्त श्रवण शक्तिलाई भने प्रकृतिले अन्यथा गर्न सकेनछ। विश्वमा शारीरिक रूपमा अशक्त वा भिन्न रूपमा सक्षम (Differently able) कैयौँ मानवहरू होलान्; तर त्यस्तो शारीरिक अशक्ततालाई पनि जीवन वरदान साबित गर्दै साहित्य सिर्जना मार्फत विश्व समुदायमा सुनाम कमाउन सफल व्यक्तित्वहरू अवश्य नै कमै होलान् भन्ने म ठान्दछु। झमक घिमिरे त्यस्तो अनुपम व्यक्तिहरूको प्रतिनिधिका रूपमा स्थापित हुनुभएको छ। यो नेपाली समाजले मात्र नभएर विश्व साहित्यले गर्व गर्ने विषय हो जस्तो मलाई लाग्दछ। नेपाल आमाको असामान्य सन्तान भईकन पनि विलक्षण प्रतिभाको रूपमा परिचित झमक घिमिरेज्यूलाई 'मदन पुरस्कार' २०६७ का लागि चयन गरेर उहाँप्रति सम्मान दर्साएको मात्र होइन, यो पुरस्कारकै गरिमालाई उचो पार्न मदन पुरस्कार गुठी सफल भएको छ भन्ने मेरो विश्वास छ । यो सम्मानले झमक घिमिरको प्रतिभालाई नेपालका साथै विश्वस्तरमा चिनाउन सघाउ पुऱ्याउने छ भन्ने पनि म त्यत्तिकै आशावादी छु । अब, नेपाली साहित्यका क्षेत्रका साथै राज्यले नै झमक घिमिरेको व्यक्तित्वको प्रचार-प्रसार गरी विश्वलाई ध्यानाकर्षित गर्ने वातावरण तयार गर्नु बुद्धिमानी हुन्छ होला ।

भाषा, साहित्य र संस्कृति कुनै पनि राष्ट्रको लागि जीवनधाराका रूपमा रहने चिज हुन्। यिनको संवर्द्धन, संरक्षण र समृद्धिका लागि हरेक साहित्यसेवी, अझ भनौँ प्रत्येक व्यक्तिले आ-आफ्नो तहबाट केही न केही योगदान दिने हो भने अन्ततः त्यो आफू, आफ्नो समाज र समग्र राष्ट्रको निर्माणमा सार्थक बन्दछ । अत्यन्त प्रतिकूल शारीरिक संरचनाको बाबजुद झमक घिमिरेज्यूले जुन साधना गरी 'जीवन काँडा कि फूल' सिर्जना गर्नुभएको छ । त्यसलाई हेर्दा वास्तवमा उत्कृष्ट साहित्यको जन्म सुखसयलमा होइन दुःख र पीडामा, आनन्दमा होइन कष्टमा, मोहमा होइन त्यागमा, निष्क्रियतामा होइन त्यस विरुद्धको मानसिक विद्रोहमा, भौतिक सुन्दरतामा होइन आध्यात्मिक सुन्दरतामा

मात्रै हुन सक्ने रहेछ कि जस्तो मलाई अनुभूति भइरहेको छ । सङ्घर्षलाई जीवन प्रवृत्ति नबनाएसम्म, साहित्यको रसमा नडुबेसम्म, सुखसयल, वैभव र निजी मोहलाई नत्यागेसम्म साहित्यमा साधनारत रहन पक्कै सकिँदो रहेनछ । 'जीवन काँडा कि फूल' पढ्दा मलाई यस्तै निष्कर्ष निकाल्ने प्रेरणा मिल्यो । मेरो बुझाइ र मूल्याङ्कन अतिशयोक्तिपूर्ण पनि हुन सक्ला, यो निक्र्यौल गर्ने जिम्मा म यो विद्वत् समुदायलाई नै दिन चाहन्छु ।

'जगदम्बा-श्री पुरस्कार'बाट सम्मानित हुने कवि एवं प्रसिद्ध गीतकार श्री दुर्गालाल श्रेष्ठज्यूले नेपाली साहित्यको क्षेत्रमा पुऱ्याउनुभएको योगदान पनि उत्तिकै महत्त्वपूर्ण छ । उहाँले नेपाली र नेपाल भाषामा साहित्य लेखेर ठुलो काम गर्नुभएको छ । 'फुलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार' जस्तो कालजयी गीतका रचनाकार उहाँले यस गीत मार्फत दिनुभएको जीवनदर्शन सबैका लागि प्रेरणादायी रहिआएको छ । मलाई लाग्दछ यस गीत मार्फत हरेक श्रोताको आँखामा सजिन र हृदयमा बास बस्न उहाँ सफल हुनुभएको छ । सबैलाई फूलको आँखाले हेर्ने नेपाली जीवनदर्शन, नेपाली संस्कृति र नेपाली परम्परालाई आत्मबोध गर्नु अहिलेको पुस्ताको लागि प्रमुख आवश्यकता हो भन्ने म ठान्दछु । यो दर्शनलाई दुर्गालाल श्रेष्ठज्यूले आफ्नो रचना मार्फत उजागर गर्नुभएको छ । जीवनलाई फूलको आँखाले हेर्ने दुवै जना साहित्य साधकहरूलाई 'मदन पुरस्कार' र 'जगदम्बा-श्री पुरस्कार'का लागि चयन गर्नु अवश्य पनि संयोग मात्र होइन होला । यो तथ्यलाई गहिरो मूल्याङ्कन गरेर नै पुरस्कारको घोषणा गरिएको हो भन्ने मलाई लाग्दछ । मानव जीवनलाई सुन्दर फूल मानेर आ-आफ्नो कर्मप्रति निष्ठावान् रहौँ भनी आग्रह गर्ने दुवै जना सर्जकहरूलाई म यस अवसरमा अन्तरहृदयदेखि नै बधाई दिन चाहन्छु ।

वास्तवमा नेपाली भूमि प्राकृतिक सम्पदा मात्रै होइन, मानवीय सम्पदाको पनि अजस्र भण्डार हो। विश्वशान्तिका अग्रदूत गौतम बुद्ध, कला र संस्कृतिका दूत अरनिको एवं जगत्माता सीता जस्ता ऐतिहासिक विभूति मात्रै होइन, विश्वस्तरका साहित्यकार, राजनेता एवं विद्वान् विदुषीहरू

यस भूमिले जन्माएको छ । मैले आफ्नो सेवाकालमा विश्वका केही प्रमुख मुलुकहरू जस्तो युरोपका फ्रान्स, स्विटजरलैन्ड, बेल्जियम, रुस तथा एसियाका जापान, सिङ्गापुर, फिलिपिन्स, थाइल्यान्ड जस्ता समृद्ध राष्ट्रहरू घुम्ने अवसर पाएको थिएँ । मैले भ्रमण गरेका ती राष्ट्रहरू आधुनिक विकासबाट समृद्ध र सुन्दर भए तापनि त्यो सुन्दरता केवल मानव निर्मित रहेको पाएँ । तर नेपालको प्राकृतिक सुन्दरता अर्को कुनै राष्ट्रसँग तुलना हुन सक्तैन, वास्तवमै भूस्वर्ग हो नेपाल । हामीसँग अथाह प्राकृतिक स्रोत-साधन छ । उच्च मनोबल, दृढ इच्छाशक्ति, प्रतिबद्ध र इमान्दार नेतृत्व मात्रै पाउने हो भने मुलुकको समग्र उन्नतिका लागि हामीले सदियौँ तड्पिनुपर्ने थिएन होला । हाम्रा सामु अनन्त सम्भावनाहरू भएर पनि हालका दिनसम्म हामी अभाव, अस्थिरता, अन्यौलबाट मुक्त हुन सकिरहेका छैनौँ । अहिलेको समाज अनेकौँ विकृति र विसङ्गतिबाट दिनानुदिन प्रताडित भइरहेको छ । सायद मानव जीवनलाई फूलको आँखाले हेर्न सकेनौँ कि अथवा आफू बाहेक अरूको जीवनलाई काँडा ठान्यौँ कि ? त्यसैले यो समाज अनेकौँ सम्भावनहरूको बाबजुद पनि माथि उठ्न सकेन जस्तो मलाई अनुभूति भइरहेछ ।

अहिलेको शिक्षा प्रणालीले कतै हामीलाई चरम भौतिकवादी वा व्यक्तिवादी त बनाइरहेको छैन, त्यसतर्फ के साहित्यसेवी, के राजनीतिज्ञ, के बुद्धिजीवी सबैले एकपटक घोत्लिनु आवश्यकता छ जस्तो मलाई लाग्दछ । किनभने आधुनिक शिक्षा पद्धतिले भौतिक विकासका आकाङ्क्षाहरूलाई त समेट्ला, तर त्यसले मात्रै समाज सन्तुलित, समुन्नत र मानवोचित हुन सक्तैन । भौतिक पक्षलाई मात्रै जोड दिँदा व्यक्तिगत महत्त्वाकाङ्क्षालाई टेवा पुग्ने र अन्ततः त्यस्तै विकृति, विसङ्गति, लोभ, मोह र भ्रष्टाचार रूपी सामाजिक रोगहरू जन्माउन पनि मद्दत गर्दछ । त्यसैले हाम्रा बालबालिकालाई नै सानै उमेरदेखि नै नैतिकता, सदाचार, सद्व्यवहार, परोपकार, बन्धुत्व र भाइचारा अभिवृद्धि गर्ने नैतिक शिक्षा र साहित्यतर्फ आकर्षित गरी सक्षम, सबल, चरित्रवान् नागरिकको रूपमा तयार गर्न हामी सबैको ध्यान जानुपर्दछ भन्ने ठान्दछु ।

विगत ६० वर्षको इतिहास हेर्ने हो भने हामीले लोकतन्त्र र विधिको शासनको स्थापना र स्थायित्व प्राप्तिका लागि नै सङ्घर्ष गरिरहनु पऱ्यो। हालका दिनसम्म पनि लोकतन्त्रको स्थायित्वको लागि हामी सङ्घर्ष गरिरहेका छौँ। यसैका लागि संविधानसभा मार्फत संविधान निर्माण गर्ने प्रयासहरू भइरहेको छ। तथापि लोकतान्त्रिक संविधानका आधारभूत सर्तको रूपमा रहने संवैधानिक सर्वोच्चता, विधिको शासन, मानव अधिकार, न्यायिक स्वतन्त्रता र प्रेस स्वतन्त्रता सहितको मौलिक हक जस्ता मूल्य मान्यताको प्रत्याभूति हुने हो, होइन भन्ने अनिश्चय, संशय र द्विविधाबाट हामी मुक्त हुन सकिरहेका छैनौँ। यी मूल्य मान्यताहरूको प्रत्याभूति गर्न नसक्ने संविधान जस्तोसुकै नाम राखे पनि, जोसुकैले जहिलेसुकै निर्माण गरे पनि लोकतान्त्रिक हुन सक्तैन। लोकतान्त्रिक संविधानका पूर्व सर्तको रूपमा रहने मूल्य-मान्यताहरू सुरक्षित नभएसम्म जनता सार्वभौम र अधिकार सम्पन्न बन्न सक्ने छैनन्। त्यसैले अहिलेको आवश्यकता केवल संविधान निर्माण गरी लागू गर्नु मात्रै होइन, साथसाथै त्यस्तो संविधानले लोकतान्त्रिक मूल्य मान्यतालाई पूर्णतः सुरक्षित गर्न सक्नु पनि हो। यस यथार्थलाई सम्बद्ध राजनीतिक दल सिङ्गो संविधानसभा, बुद्धिजीवी, साहित्यसेवी, नागरिक समाज, पत्रकार जगत् एवं सर्वसाधारण सबैले स्वीकार गर्न र बुझ्न आवश्यक भएको छ। यो प्रबुद्ध समुदाय यस तथ्यप्रति अझ सचेत र सजग छ भन्ने मलाई लागेको छ।

अब म मेरो जीवनको उर्वर समय व्यतीत गरेको आफ्नै कर्मक्षेत्र अर्थात् न्याय सेवामा रहँदाका केही अनुभवहरू सम्प्रेषण गर्न चाहन्छु। मैले २०२८ सालमा प्रशासन सेवामा प्रवेश गरी र २०३२ सालमा न्याय सेवामा आई २०६८ साल वैशाख २३ गतेसम्म करिब ४० वर्षजति राष्ट्रसेवा गर्ने अवसर पाएको थिएँ। २०३२ सालदेखि ३५ वर्षसम्म न्यायाधीशको रूपमा काम गरेँ। यस बिचमा ७ वर्ष सर्वोच्च अदालतको न्यायाधीश र १३ महिना प्रधानन्यायाधीश भई न्यायपालिकाको नेतृत्व सम्हाल्ने अवसर पनि मैले पाएँ। न्यायपालिका पनि समकालीन राष्ट्रिय परिवेशबाट सधैँ अछुतो रहेन संस्था होइन। यसभित्र रही काम गर्ने न्यायाधीश लगायतको जनशक्ति यसै समाजको सदस्य नै हुने हुनाले

समग्र समाजको असल र खराब दुवै प्रवृत्तिहरूले न्यायपालिकालाई असर गर्ने नै हुन्छ। तथापि जस्तोसुकै असहज एवं अस्थिर अवस्थामा पनि न्यायपालिकाले प्रचलित संविधान र ऐन कानुनको परिधिभित्र रही जनताको हक अधिकारको रक्षाका लागि हरदम कार्य गरिरहेको हुन्छ। त्यसैले राज्यका अन्य अङ्गहरूको तुलनामा न्यायपालिका सधैँ स्थिर एवं स्वाभाविक रूपमा क्रियाशील रहने गर्दछ र जतिसुकै विषम परिस्थितमा पनि यसलाई जनताको अन्तिम आश्रयस्थलको रूपमा लिइन्छ। त्यसैले न्यायपालिका सधैँ स्वतन्त्र, निष्पक्ष एवं विकृति र विसङ्गति रहित रहनुपर्दछ। कुनै तरहबाट पनि अदालतप्रतिको जनआस्थामा आँच आउन दिइनुहुँदैन भन्ने उद्देश्यले मैले आफू नेतृत्व तहमा रहँदा न्यायपालिकामा विद्यमान विकृति, विसङ्गति र भ्रष्टाचार नियन्त्रण गर्ने दिशामा महत्त्वपूर्ण कदमहरू चालेको थिएँ। जुन कुरा सञ्चार माध्यम मार्फत यस प्रबुद्ध समुदायले पनि सुनेको हुनुपर्दछ। यसबाट न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धिमा महत्त्वपूर्ण सघाउ पुगेको छ भन्ने मलाई लाग्दछ। नेतृत्व तहमा रहने व्यक्तिमा सक्षमता, इमान्दारिता, प्रतिबद्धता, दृढ इच्छाशक्ति र उच्च मनोबल रहने हो भने कुनै पनि संस्थाका विकृति विसङ्गतिहरू कम गर्न र समग्र राष्ट्रलाई योगदान दिन सकिन्छ भन्ने मेरो अनुभव रहेको छ। त्यसैले अबको नेपालले एउटा इमान्दार, सबल, सक्षम र राष्ट्रप्रति प्रतिबद्ध राजनेता जन्माउन सकोस् भन्ने कामना पनि म गर्दछु।

२०३९ सालदेखि नै मैले खप्तड बाबा, मस्तराम बाबा, हरि बाबा, हरिशरण आमा लगायत परमसिद्ध एवं ख्यातिप्राप्त महात्माहरूको सान्निध्यता रही परमात्मा प्राप्तिको साधना गर्दै आएको थिएँ। वास्तवमा मानव मात्रले परमात्माको अनुभूतिका लागि केही चिन्तन गर्ने हो भने पनि व्यक्तिगत लोभ, मोह र आकाङ्क्षाबाट आफूलाई मुक्त गर्न सक्तछ। महाकवि लक्ष्मीप्रसाद देवकोटाले पनि मृत्युशैयाबाट 'आखिर श्रीकृष्ण रहेछ एक' भन्दै परमात्मासँग साक्षात्कार हुनुभएको थियो। एउटा राष्ट्रसेवकको रूपमा रहँदा निष्पक्षता र इमान्दारिताका साथ निस्काम कर्मयोग गरेमा त्यसबाटै परमात्मा प्राप्ति हुनसक्दो रहेछ भन्ने मेरो आफ्नो प्रत्यक्ष अनुभव रहेको छ। परमात्मा प्राप्तिबाट

अनुभव सिद्ध हुने परम सुख, परम शान्ति र परम आनन्द अवर्णनीय, अतुलनीय वर्णातीत दुर्लभ रहेछ। त्यसैले मेरो अवकाशपछिको भावी जीवन पनि कुनै सार्वजनिक ओहदामा नरही केवल परमात्माकै ध्यान, जप र तपमा समर्पित गर्ने निश्चय गरेको छु। मनुष्य जन्म अत्यन्त दुर्लभ मानिन्छ। मनुष्य जन्ममा हामीले परमात्मा प्राप्तिमा लागेनौँ, म को हुँ? भनी चिन्ने र बुझ्ने तीव्र इच्छा जागृत गरेनौँ भने मनुष्य जन्म सार्थक हुन सक्तैन।

अन्त्यमा, देशका लब्धप्रतिष्ठित विद्वान् विदुषीहरूको यो गरिमामय जमघटमा मैले केही निजात्मक अनुभूति र अनुभवहरू राखेँ। मेरा विचारहरू यत्तिका समयसम्म धैर्यपूर्वक सुनिदिनुभएकोमा म यो विद्वत् वर्गमा हार्दिक आभार एवं धन्यवाद प्रकट गर्दछु। यस्तो महत्त्वपूर्ण अवसर जुटाइदिनुहुने मदन पुरस्करका गुठीका अध्यक्षज्यू लगायत सबै सदस्यहरूलाई पुन: हार्दिक धन्यवाद दिन चाहन्छु। साथै विजयादशमी, शुभ दीपावली एवं छठपर्व २०६८ को आगमनको पावन अवसरमा यहाँहरू सबैमा हार्दिक शुभकामना व्यक्त गर्दै बिदा हुन चाहन्छु।

धन्यवाद !”

यसरी धन्यवाद भनेर उहाँले विद्वत्तापूर्ण तथा अत्यन्त सारगर्भित आफ्नो प्रवचन पाठ गरिसकेपछि ज्ञाननिष्ठले कवि श्री दुर्गालाललाई आफ्नो छोटो उद्‌गार प्रकट गर्न आग्रह गर्नुभयो। र कविज्यूले भन्नुभयो–

“श्रद्धेय सभापति, समादरणीय साहित्यका मूर्धन्य स्रष्टाहरू, आदरणीय अतिथिगण तथा मदन पुरस्कार गुठीका गुठियार, महिला तथा सज्जन महानुभावहरू,

नेपाली भाषा मेरो आफ्नै भाषा हो। म यसमा लेख्छु, तापनि मूलत: म नेपाल भाषाको लेखक हुँ। यो भाषा मेरो मातृभाषा हो। न उद्देश्य, न चाहना नै थियो लेखक बन्ने तर त्यस्तै संवेदनशील परिस्थितिले मलाई यता डोऱ्यायो। छ दशकदेखि अद्यापि म यतै छु।

मेरो यात्राको आरम्भ २००४ साल, गाईजात्राको नाटक-डबलीबाट भएको हो। २००९ सालदेखि कविता र गीत लेखनतिर पनि म उन्मुख भएँ। पेसाको रूपमा मैले अपनाएको क्षेत्र एउटै थियो– अध्यापन।

विद्यालयका साना नानीहरूसँगको सहवासले बालमनोभाव बुझ्ने अवसर मैले पाएँ। बालकै भएर कविता लेख्दै म बालकहरूको प्रिय भएँ। मेरा धेरैजसो बालगीत, कविता बालकहरूको सङ्गतकै प्रसाद हो। बालसुलभतासँग घुलमिल हुँदाको आनन्द मलाई थाहा छ। तर बालसाहित्य होस् वा प्रौढ जे लेख्दा पनि मेरो एउटै ध्यान हुन्थ्यो– सरल होस्, सरस होस्।

'जगदम्बा-श्री पुरस्कार'को समाचार मैले दाजु कमलमणि दीक्षितज्यूबाट पाएको थिएँ, फोनमा। पहिलो बधाई पनि उनैको थियो। वहाँको बधाईमा मैले कृतज्ञता जनाएँ। खुसी भएँ नै, तर यस्तो लाग्थ्यो यो पुरस्कार अरू जस्तै सामान्य हो। जब सञ्चार माध्यमबाट समाचार प्रसारित भयो, बधाईको ओइरो यति लाग्यो, तब म झल्याँस्सिएँ, 'जगदम्बा-श्री पुरस्कार'को उचाइ कति रहेछ !

'जगदम्बा-श्री पुरस्कार' त अरूले पनि पाए। तापनि त्यो भाग्यमानी पहिलो मान्छे मै हुँला, मातृभाषाको सेवा बापत पनि पुरस्कृत हुने। यो मदन पुरस्कार गुठीले चालेको समयसापेक्ष पाइला हो। बहुजातीय देश नेपालमा हरेक जाति समान अधिकारयुक्त भएमा मात्रै सबैको संस्कृति नेपालको आकाशमा इन्द्रेणीस्वरूप लर्किने छ र नेपाल साँच्चैको नेपाल हुने छ।

यो मेरो निमित्त उच्च स्तरीय प्राप्ति हो। आज म आफैप्रति गौरवान्वित छु। यसले मलाई जीवनप्रति अझ गम्भीर भएर आत्मप्रकाशन गर्न प्रेरित गरोस्।

यसपालिको मदन पुरस्कार पाउने स्रष्टा हुन् – सुश्री झमक घिमिरे। उनी यो पुरस्कारको निमित्त अद्वितीय पात्र हुन्। मेरोमा भन्दा उनको यो प्राप्तिमा म बढी प्रफुल्लित छु।"

हार्दिक कृतज्ञतासहित श्री दुर्गालाल श्रेष्ठले यति उद्गार पढिसकेपछि मदन पुरस्कारद्वारा सम्मानित भैसकेकी कुमारी झमक घिमिरेको पादाक्षरले लेखिएको उद्गार पढ्न झमक प्रतिष्ठानका अध्यक्ष श्री गोपाल गुरागाईंलाई अनुरोध गरियो र उहाँले सो पढ्नुभयो। त्यो उद्गार यस्तो थियो–

"अध्यक्षज्यू, भारतीय राजदूत श्रेष्ठज्यू,

तथा मदन पुरस्कार गुठी परिवारका सम्पूर्ण सदस्यज्यूहरु

यहाँ उपस्थित साहित्य, कला, संस्कृतिका साधक, उपासक

अन्य यसका प्रेमी सम्पूर्ण महानुभावहरुमा

मेरो हार्दिक अभिवादन।

म आज साह्रै प्रफुल्लित भएकी आभास गरिरहेकी छु। किनभने यहाँ फूलको आँखाले संसारलाई हेर्नै खोजेँ अन र मनहरु देखेकी छु र भेटेकी छु। सबैलाई जीवन जीवन जस्तै बाँचेर हेर्नुहोस कति सुन्दर लाग्छ, जीवन यही भन्छु। मसँगै जगदम्बाश्री पुरस्कारबाट सम्मानित हुनु हुने कवि तथा गीतकार दुर्गालाल श्रेष्ठ पनि भन्दै हुनुहुन्छ- "फूलको आँखामा फूलै संसार---!" क्या बात छ, त्यो फूलको आँखा हुनेहरुलाई, म कवि तथा गीतकार दुर्गालाल श्रेष्ठज्यूप्रति पनि हार्दिक बधाई अर्पण गर्छु यही शब्दबाट सुस्वास्थ्य दीर्घजीवनको कामना गर्दछु।

यो एउटा मीठो संयोग पनि हुन गएको छ अघिल्लो पुस्ता र पछिल्लो पुस्ताको आत्मिय मिलनको संयोग। मैले आफू सानो हुँदा अग्रजहरुलाई पढ्ने गरेकी थिएँ। वहाँहरुको काम देखेर छक्क पर्थे मनभरी श्रद्धाभाव उर्लिएर आउँथ्यो। अग्रज स्रष्टा जे जतिलाई पढेँ ति सबैको चिन्तनले मलाई थोरबहुत प्रभावित पार्थो ती सबै स्रष्टाप्रति म सम्मान प्रकट गर्दछु। तीनैको लहरमा आफ्नो नाम पनि उभिंदा आल्हादित भएकी छु। यो आल्हाद र प्रसन्नता पनि यो साहित्यिक सरोवरमा मिसिएर बग्ने छ। हो, साहित्य भनेको जीवनसँग जोडी बग्ने कुरा पनि रहेछ, फगत कल्पनाहरुको थुप्रो मात्र साहित्य हुन सक्दैन पो त जीवन भोगेर पनि यसको अनुभूतिबाट जन्मिने कुरा होरहेछ।

जीवनलाई कतै काँडाले घोच्छ, कतै आसिनाले चुट्छ, कतै झरीले हप्काएर भिजाउँछ आखिर सृष्टि भौंकन कहाँ रसिलो छ र? त्यही सृष्टिको सबै भन्दा सुन्दर फूल हो जीवन। यही जीवन-

को एउटा दर्शन हो जीवन काँडा कि फूल? म यहाँ थोरै आफ्नो विगत बारेमा बताउन आवश्यक छ भन्ने ठान्दिन। किनभने कस्तो थियो विगत? त्यसलाई उधार्ने तपाईं सँग राखिदिएँ जीवन काँडा कि फूल! जसबाट जीवनका किस्सा किस्ता उघारिदिएँ। हाम्रा समाजका नाङ्गा सत्य खोलिदिएँ। मान्छेलाई जीवन बाँच्दा घाउ चोट लाग्छ, दर्द पीडा हुन्छ। त्यसैले म बाँच्दा पनि रोएँ होला, लेख्दा पनि रोएँ होला पटक पटक रोकिएका बेला मलाई भावनात्मक रूपमा ऊर्जा भर्ने काम मित्र देवीबहादुर श्रेष्ठले गरे। अनि जीवनको एउटा पाटो बनी मीनाले जो साहित्य लेख्न जान्दिनँ तर जीवनको सुन्दर साहित्यको सिर्जना व्यवहारले गर्दै, त्यसले नसघाइदिएको भए त्यो कृति अपूर्ण हुन्थ्यो। अनि उसको कोखबाट जन्मिएँ तीनलाई पनि सलाम।

अब म आफ्नोकति साहित्य सिर्जनाको कुरा पनि गर्न चाहन्छु हुन त यहाँ थोरै जना यही क्षेत्रका विद्वान, साधक, स्रष्टा र द्रष्टा हुनुहुन्छ, थोरै जना त मेरा आफ्न्त हुनुहुन्छ यहाँहरू सबैलाई म प्रणाम गर्छु। तर पनि हाम्रो सिर्जना मान्छेको लागि, जीवनको लागि र बाँच्न र बचाउँनको लागि हुनुपर्छ आम निराशा र कुण्ठाभित्र बाँचेका मान्छेहरूलाई जगाउन हुनुपर्छ। आजको युगमा हिजोका इतिहासप्रति सम्मान गर्ने कुरा आफ्नो ठाउँमा छ। तर आजको इतिहास पनि भोलिका दिनमा खोजिने छ। त्यो इतिहास हामी दबेको र झुकेको नहोस्।

अहिले नवयुग र नवचेतना भनेको हामी थोरै सुन्छौं वास्तवमा त्यो नवयुग र नवचेतना भनेको के हो? जबसम्म मान्छेको दिमागमा पुराना, थोत्रा कुराले जरा गाडिरहन्छ तबसम्म नवयुगका नवचेतनाका कुरा गर्नु निरर्थक हुने छ। त्यसैले हामी नवयुगका स्रष्टाहरूले युगको यो दायित्वलाई पूरा गरौं र नवचेतनाको बीज उम्रिने वातावरण सिर्जना गर्नु आवश्यक छ। यहाँ विवादहरू थोरै होलान् यसमध्ये एउटा विवाद विचार ठूलो कि कला? कोही भन्छन् विचार ठूलो र कोही भन्छन् कला ठूलो तर हामी यो समयलाई साक्षी राखेर भन्छौं दुवै कुरा महान् छन्। दुवैको उचित संयोजन बिना आजको साहित्य, कला संस्कृति विकास हुन सक्दैन यो कुरा अर्थविहीन हुन्छ। त्यसैले त हामीले सबैले लेखिरहेका छौं तर मानव जीवनको लागि लेखौं




मङ्गलाचरणका रूपमा रातो बङ्गला स्कुलका विद्यार्थीहरू: "फूलका आँखामा फूलै संसार" गाउँदै ।



गुठीका अध्यक्षका कुरा ध्यानपूर्वक सुन्दै सम्मानित दुई व्यक्तित्व- झमक र दुर्गालाल । दाहिनातर्फ झमककी आमा आशादेवी घिमिरे ।



झमक मदन पुरस्कारको अभ्यर्चना सहितको नाङ्ली पयरले स्विकार्दै। साथमा ओल्क्याउने मध्येका एक जना आचार्य ङ्गवाङ ओसेर लामा, झमककी आमा र गुठीका सदस्य सचिव कुन्द दीक्षित।



प्रसन्न मुद्रामा पुरस्कार-विजयी दुई 'ब्यौला'हरू।



२०६७ सालको पुरस्कार समारोहको 'सामूहिक फोटो': बायाँबाट क्रमशः पूर्वप्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठ, सुधा ओझा, गुठीका अध्यक्ष कमलमणि दीक्षित, ज्ञाननिष्ठ ज्ञवाली, गुठीका सदस्य सचिव कुन्द दीक्षित, सुश्री झमक कुमारी घिमिरे, झमकका मातापिता, श्री दुर्गालाल श्रेष्ठ।




रातो बङ्ला स्कुलका डाइरेक्टर शान्ता दीक्षित श्री दुर्गालाल श्रेष्ठलाई माला पहिऱ्याउँदै। 'ब्यौला'का दायाँ र बायाँ प्रसन्न मुद्रामा माननीय रामप्रसाद श्रेष्ठ तथा कमलमणि दीक्षित।



गुठीको नियम 'दिनेको हात तल लिनेको हात माथि'लाई केही परिवर्तनसाथ 'लिनेको गोडा माथि' गरी पुरस्कार रकम अर्पण गर्दै गुठीका अध्यक्ष।



पुरस्कार लिएपछि प्रफूल्ल मुद्रामा झमक।



पुरस्कारपछि पत्रकारको जवाफ लेख्दै झमक।



गुठीका अध्यक्ष झमकसँग 'ह्यान्ड-फुट-सेक' (हात र पयर मिलाई) बिदाइ गर्दै।

मानव कल्याणका लागि लेखौं।

हुन त अहिले पुराना संरचनाहरू भत्किँदैछन् त्यो भत्कि-एको ठाउँमा नव निर्माण पनि हुँदै आएको छ। यो प्रकृया साहित्य, कला संस्कृतिको क्षेत्रमा पनि चलिरहेको छ, यही निर्माण र विघटनको युगमा छौं हामी। हो, एकतिर भत्काउनु छ अर्कोतिरबाट निर्माण गर्दै जानु छ। हामी विचारमा नयाँपन खोज्छौं, शब्दमा कलाको रङ्ग खो-ज्छौं, साहित्यमा नयाँ जीवनको प्रयोग खोज्छौं, संस्कृतिमा पनि नयाँ ढङ्ग खोज्छौं त्यसैले हामीले आफू बाँचेको युगलाई न्याय गर्नैपर्छ, मलाई लाग्छ युगले तपाईं, मसँग र सबैसँग मागेको भूमिका पनि यही हो। जसलाई हामी सबैले पूरा गर्नैपर्छ। यहाँ सम्मानित भैरहँदा मलाई लागिरहेको छ मैले धेरै अग्ला पहाडहरू चढ्नु छ, गङ्घारहरू पनि तर्नु छ। धुप्रै अप्ठ्याराहरू छन्, गल्ली गल्छेडाहरू पनि छन्। तर यो चुनौतीलाई सहजै स्वीकार्दै र युगले दिएको जिम्मेवारीलाई इमान्दारीतापूर्वक वहन गर्ने प्रयत्न गर्नेछु।

अन्त्यमा जीवन काँडा कि फूलको जीवन, भावना विचार शब्दसँग जोडिएका सबै पाठक/ग्राहकलाई सलाम र, यस भित्र नपरेका तर मसँग जोडिएका मान्छेहरूलाई पनि प्रणाम। यहाँ सम्झिने पर्ने यस-को पहिलो प्रकाशन गर्न सहयोग गर्ने विश्वासदीप तिगेला, अति मिहेनत गरेर सम्पादन गरिदिनु भई आफ्नो समालोच्कीय दृष्टि सहित भूमिका लेखिदिनु हुने समालोचक डा. गोविन्दराज भट्टराई, भाषिक त्रुटी केलाइदिने अर्का समालोचक डा. कुमार कोइराला, सुन्दर आवरणमा सजाउने नाम पनि सुन्दर वालेत र मेरा सिर्जनात्मक अप्ठ्याराँ, निजि जीवनका अप्ठ्याराहरू सहजता प्रदान गर्ने ममक घिमिरे साहित्य कला प्रतिष्ठानका अध्यक्ष गोपाल सर र अन्य सबैप्रति हार्दिक आभार प्रकट गर्दै, कृति पुरस्कृत भएकोमा खुशीत हुँदै खबटाको तर्फबाट पनि यो वाक्य बन्द गर्दछु।

धन्यवाद।

ममक घिमिरे"

त्यसपछि कमल दीक्षितद्वारा लिखित दुई पुस्तक "बाजेको बिहे" र "चमकदार तारा" व्यासमा आसीन तिन जना अभ्यागतहरूलाई कुमारी ईशा भुजेलले ल्याएर चढाइन्। उहाँहरू तिनै जनाले ती पुस्तक सही गरी लिएपछि तिनको विमोचन भएको मानियो। कार्यक्रम अनुसार तत्पश्चात् धन्यवाद ज्ञापनको थियो। त्यो गुठीका सदस्य-सचिव श्री कुन्द मणि दीक्षितले गर्नुभयो, यसप्रकार–

"आदरणीय अध्यक्षज्यू मानीय रामप्रसाद श्रेष्ठज्यू, सम्मानित रूमक घिमिरे र दुर्गालाल श्रेष्ठज्यू तथा उपस्थित विद्वद्वर्ग,

सञ्चारको विश्वव्यापी विस्तार सँगसँगै मदन पुरस्कार पनि आधुनिक युगमा प्रवेश गरेको छ। यस वर्षको पुरस्कार निर्णय हुनासाथ हामीले सभाबाट नै मोबाइल मार्फत ट्विटर र फेसबुकमा त्यो समाचार हालिदिएपछि तत्काल त्यो खवर संसारभर छायो अनि त्यही माध्यमबाट हामीलाई धन्यवादको ओइरो लाग्यो ! पहिले पहिले Fax, त्यो भन्दा पहिले टेलेक्स, र त्यो भन्दा पनि पहिले हार्डकपी विज्ञप्ति साइकलमा रा.स.स. तिर दौडाएर आम सञ्चारमा मदन पुरस्कारको घोषणा पुग्ने गर्थ्यो। रूमक घिमिरेजी र दुर्गालाल श्रेष्ठजीले पुरस्कार पाएको समाचार संसारभर पुऱ्याइदिएकोमा पैले त Facebook / Twitter लाई धन्यवाद दिन्छु।

रूमकजी र दुर्गालालजी, तपाईंहरू 'मदन पुरस्कार' र 'जगदम्बा-श्री'बाट सम्मानित भैदिएर हाम्रो, गुठीकै सम्मान बढाइदिनुभएको छ। तपाईंहरूलाई सबैभन्दा बढी धन्यवाद।

माननीय रामप्रसाद श्रेष्ठज्यू तपाईंको ओजस्वी विद्वद्प्रवचनका लागि म तपाईंमा धन्यवाद निवेदन गर्दछु।

गुठीका मेरा अग्रज तथा मार्गदर्शक सदस्यज्यूहरूमा पनि म यथायोग्य धन्यवाद भन्छु। हाम्रा ग्रन्थपरीक्षकहरू, 'जगदम्बा-श्री'का छनौट

समितिका सदस्यहरूमा पनि धन्यवाद ज्ञापन गर्दछु। उहाँहरूले हामीलाई ठुलो सहयोग गर्नुभयो।

यी सबै कामको तारतम्य मिलाउने गुठीका कार्यालय सचिव तथा उहाँ अन्तर्गतका कर्मचारीवर्ग पनि धन्यवादका पात्र हुनुहुन्छ, उहाँहरूलाई पनि धन्यवाद भन्छु।

जगदम्बा प्रेसलाई मैले विशेष धन्यवाद दिनुपर्छ। सम्माननीया रानी जगदम्बाबाट सिर्जित भएका हुन् यी दुवै संस्था, मदन पुरस्कार गुठी र जगदम्बा प्रेस। आफ्नो दिदी संस्थाका नाताले प्रेसले आर्थिक लगायत अनेक प्रकारले गुठीलाई सहयोग गर्दै आएको छ। प्रेसका पदाधिकारी र कर्मचारी वर्गमा म धन्यवादज्ञापन गर्दछु।

रातो बङ्गला स्कुललाई त धन्यवाद मात्र दिएर पनि पुग्दैन। स्कुलको यो राम्रो 'कमलमणि थिएटर'को हल हामीले प्रयोग गर्न पाएका छौँ। हाम्रा दुई जना उद्घोषकहरू पनि यही स्कुलका नेपाली विभागका शिक्षक हुन्। अघि कवि दुर्गालालजीको रचना स्वागत गीतका रूपमा प्रस्तुत गर्ने नानीहरू पनि यसै स्कुलका विद्यार्थी हुन्। त्यति मात्र होइन, हाम्रा आजका दुई जना 'ब्यौला' हरूलाई माला पहिऱ्याउने कार्य पनि स्कुलका प्रिन्सिपल र डाइरेक्टरहरूले स्वयं गरिदिनुभएको तपाईंहरूले देखिहाल्नुभयो।

ऐले तपाईंहरूका लागि तयार पारिएका परिकारहरू पनि यसै स्कुलका कर्मचारीले सिप लगाएर बनाएका हुन्। आफ्नो दसैँको छुट्टीलाई पनि दुई दिन बेवास्ता गरी सेवा गर्ने रातो बङ्गला स्कुलका यी कर्मचारीहरूलाई मेरो धन्यवाद सहितको 'सलाम' छ।

तपाईंहरू सबै जना यहाँ आइदिनुभएकोमा पनि धेरै धन्यवाद। अध्यक्षज्यूका आज्ञाले यो सभा अब टुङ्गियो।

लौ त, आजलाई यत्ति!"

यति भनेपछि अध्यक्षका आज्ञाले सभा विसर्जन भयो र सबै जना तल प्राङ्गणमा झर्नुभयो। त्यहाँ स्वल्पाहारको आयोजना

थियो। अभ्यागत सबैलाई अध्यक्षज्यूका दुई किताप नि:शुल्क वितरण पनि गरियो। जम्मा १८० जनाले सो लिएर जानुभयो। धेरै पाहुनाहरू रमाइलो मानेर निकै बेर गफ गरेर र 'ब्यौलाहरू" सँग कुरा गरेर बस्नुभएको थियो। साँझ साडे पाँच बजेसम्म रातो बङ्गलाको परिसर खाली भैसकेको थियो

– गजेन्द्रनाथ रेग्मी
म.पु.पु. गुठी
कार्यालय सचिव



*मेरो मातृभाषा नेपाली होइन, अवधी हो। तर आज म नेपाली मातृभाषा भएकाहरू भन्दा पनि बढी नेपाली भएको छु जस्तो मलाई लाग्छ। किनभने मेरो जन्मभूमिभन्दा मलाई आज मेरो कर्मभूमि प्रिय छ। डेढ करोड नेपालीको साझा भाषा आज मेरो पनि भाषा भएको छ– म यसैमा बोल्छु, यसैमा विचार गर्छु, अनि यसैमा सपना देख्छु। मेरा स्वर्गीय जनरलसाहेब र मैले कुरा गर्ने, हाम्रो बोल्ने भाषा यो नेपाली आज मेरो सबभन्दा प्यारो वस्तु भएको छ। यसैमा मेरो ममता छ। यसैमा मेरो माया छ।*

*जगदम्बा कुमारी देवी*
*('नेपाली' पूर्णाङ्क १०१, २०४१ बाट)*

# अभिलेख भयो

– कमल दीक्षित

झट्ट हेर्दा झारा-तिरुवा जस्तो काम गर्दै छु म यो। तर अलि गहिरिएर हेऱ्यो भने यो लेख पनि काम लाग्ने नै बन्न सक्छ। राणाकालको सरकारी कामकारबाईको सानोतिनो झलक यसले यो एउटा साधारण लालमोहरले पनि दिन्छ कि भनी यो एउटा सानो कुरोलाई निकै ठुलो बनाइ पस्कने आँट गर्दै छु।

भनूँ भने, गएको छ महिनादेखि एउटा कागज, राम्ररी बेरेर पट्टाचाएको एउटा अभिलेखले मलाई 'मेरो बारेमा लेख' भनेर घच्घच्याइ राखेजस्तो लागिरहेथ्यो मलाई। मेरो सामुन्ने दराजमा यो त्यसै बेवारिसे भएर बसिराखेको जस्तो देखिन्थ्यो। रोजिन्दै यसमाथि मेरो आँखा पर्थ्यो। तर म क्यै नगरी त्यसलाई बेवास्ता गरिराखेको थिएँ। कतिसम्म भने यसलाई मपुपुमा एउटा नम्बर पनि मैले अझै दिएको थिइनँ। त्यति महत्त्वपूर्ण नै लागेको थिएन मलाई यो लालमोहर। लालमोहर भनेपछि अलि पुरानै हुनुपर्छ, दुई तिन सय वर्ष अघिको जस्तो लाग्छ मलाई। यो सय वर्ष पनि नपुगेको, नब्बे सालको भैँचालो भन्दा पनि कान्छो १९९२ साल मङ्सिर ७ गतेको लालमोहर 'नाबालिक' जस्तो लागिरहेथ्यो। तर गएको असोजमा, मदन पुरस्कारको समारोह हुँदा सार्वजनिक गरिएको मेरो एउटा पुस्तक 'बाजेको बिहे' मा प्रसङ्गवश मैले (पृ. ८४)मा यस्तो लेख्न पुगेको रहेछु– "त्यस बखतको पश्चिम १ नम्बर त्रिशूलीमाथिको बाङ्गेटार...पुग्दा मलाई नेपाल यस्तो छ ? भनेर उदेक लागेको थियो।" त्यस बेला अर्कै प्रसङ्गमा कुरा लेखिएको थियो। तर, त्यही बाङ्गेटार सम्बन्धी यो लालमोहर रहेछ भन्ने बुझ्दा मलाई अझ उदेक लागेर यो मैले लालमोहर खोलेर अलि राम्ररी हेरेँ। १९९२ सालको भए पनि त्यस अभिलेखमा १९५९, ६२ साल र ७६ सालसम्मका उल्लेख रहेछन् अनि मलाई यसमा अलि बढ्ता चाख लाग्यो। हेर्दै जाँदा ती संवत् सालले त राणाकालका अर्थतन्त्रको मेरुदण्डको पो देखाए। हुनत मलाई मालपोत तिरोभरोको कुने ज्ञान छैन र नेपालका जग्गा जमिनको

प्रशासन व्यवस्था कस्तो हुन्छ भन्नेबारे म फुट्टी केही बुझ्दिनँ पनि। भए पनि यो छोटो लालमोहर पढ्दै जाँदा मैले के बुझें भने पहाडतिरको कुनै कुनै जग्गा जमिन, जङ्गी र निजामती कर्मचारीहरूलाई जागिरे कालभरि तिरो उठाएर खान पाउने गरी उनीहरूको तलब-भत्ता स्वरूप दिइँदो रहेछ। यो लालमोहरले १९५८ देखि यो त्रिशूली गङ्गामाथिको जग्गा ककसले तिरो उठाएर खाएका थिए भन्ने खुलाउँदो रहेछ।

त्यसपछि १९८६ सालमा चन्द्रशमशेरले आफू मर्नेभन्दा केही अघि त्यो सम्पूर्ण टार आफ्नी (कान्छी) पत्नी महारानी बालकुमारीलाई "बगैँचा बनाउन" भनी 'बक्स बिर्ता' बनाइदिएका रहेछन्। तर त्यसको लालमोहर हुनपाएको रहेनछ। त्यसपछि महाराज भएका भीम शमशेरको छोटो राज्यकालमा समेत त्यो लालमोहर हुन भ्याएनछ। त्यसपछि त नब्बे सालको भैँचालो गैहालेछ। 'कहाँ जुठे कहाँ जुठेको बाउ' जस्तो अवस्थामा महाराज जुद्धशमशेरले पनि लालमोहर गरिदिने मौका नमिलेर उनी श्री ३ भएको ४ वर्ष ३ महिनापछि श्री ५ त्रिभुवनका "हाम्रा ३० वर्षको उमेर हुँदा" भन्ने बोली पारी यो लालमोहर गरि दिएका रहेछन्।

पहिले पहिलेका लालमोहरहरूमा राजाको रातो छापका साथ अरू मुखिया या श्री ३ हरूका साथै अरू भारदारहरूले 'रुजु' भनी सहीछाप गरेको देखिन्छ तर यसमा भने श्री ३ र कम्यान्डर इन चिफ भीम शमशेरका हस्ताक्षर छैनन्, छापमात्र छन्। सहीछाप गर्नेहरू मार्फत भनी केशरशमशेर, चन्द्रजङ्ग थापा, बडाकाजी मरीचीमान सिंह र एक जना कारिन्दा छन्।

मलाई यो लालमोहरको अर्को विशेषता यसको लेखोट लाग्यो। पहिले पहिलेका लालमोहरहरू काइते घसिट अक्षरमा लेखिएका देखिरहेको मैले यस लालमोहरूमा राम्रा सग्ला अक्षरमा स्पष्ट र सजिलै पढ्न सकिने ठुलठुला अक्षरमा लेखिएको देखी अचम्म लाग्यो।

पुरानो, पहाडको जग्गाको नाप लेख्ने तरिका खेत, मुरी पाथीको हिसाबले यसको २ खेत १६ मुरी १० पाथी जग्गा भनेको ऐलेको

कति रोपनी हुन्छ त्यो याद भएन, तर त्यही बाङ्गेटारको जग्गाको कुनै व्यवस्था गर्न सकिन्छ कि भनी २०११ सालमा म मोटर चढेर त्रिशूली पुगेको थिएँ, रानी जगदम्बाको आदेश लिएर। २००९ सालमा महारानी बालकुमारी देवीको र दस सालमा मदन शमशेरको स्वर्ग भएपछि त्यो जग्गाको स्वामित्व रानी जगदम्बाकोमा सरेको थियो । म पनि रानीसाहेबको सेवामा आइसकेको थिएँ । त्यसैबिच काठमाडौँकै कुनै व्यवसायीले रानीसाहेबकहाँ निवेदन दिए– त्रिशूलीबाट मोटरले पानी तानेर म बाङ्गेटारमा खेती गर्न चाहन्छु, त्यो जग्गा मोहियानीमा पाऊँ ('लिजमा पाऊँ भन्ने बेला आएको थिएन तिनताका)' । त्यही भएर अवस्था बुझ्न म सुब्बा चूडामणिलाई साथ लिएर त्यो जग्गा हेर्न गएको थिएँ रानीसाहेबका तर्फबाट । बाँझो पल्टिरहेको गाई चर्ने गौचर जस्तो रहेछ त्यो जग्गा । त्रिशूली अलिकति घुमेकीले यो जगा पनि अलिकति बाङ्गो भएर बसेको रहेछ, त्यसै भएरै त्यो ठाउँको नाम बाङ्गेटार भएको रहेछ । सुब्बा र मैले रानीसाहेबकहाँ 'भाडा राम्रो दिन्छ भने मोहियानीमा दिए हुन्छ' भन्ने किसिमको रिपोर्ट दिएका थियौँ जस्तो लाग्छ तर त्यो सिँचाइको जोहो नमिलेकाले होला त्यो योजना कार्यान्वयन भएन । धेरै वर्ष बाङ्गै र बाँझै रह्‍यो बाङ्गेटार अनि त त्यसलाई भूमिसुधारले खाइदियो क्यारे। मैले फेरि त्यसको व्यवस्था मिलाउन जानु परेन त्रिशूलीतिर। हो, निकै पछिपछि फेरि म त्यहाँ पुग्दा त्यो ठाउँ विदुर नगरपालिका भइसकेको थियो ।

लेख टुङ्ग्याऊँ अब- यो लेख लेखिसकेपछि मैले त्यो लालमोहरलाई त्यसै बेवारिसे रहनु दिनुभएन । अनि त्यसलाई पुस्तकालयको हस्तलिखित खण्डमा राख्ने गरी दर्तामा चढाइदिएँ- ह–४२६ मा ! यसरी एउटा बबुरो लालमोहरको उद्धार भयो । त्यो अब एउटा अभिलेख भयो !

जिज्ञासु पाठकको अध्ययनका लागि यसको सक्कल स्वरूप स्क्यानिङ गरी यहाँ (पृष्ठ २८-३२) राखिएको छ ।

श्रीदुर्गाज्यू

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध वि
रुदावली विराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल
नेपाल तारा अति प्रबल गोरखा दक्षिण बाहु. महाधिपति श्री
मन्माहाराजाधीराज श्री श्री श्री महाराज त्रिभुवन वीर विक्र
म जङ्ग बाहादुर साहाबहादुर समसेर जङ्ग देवानाम् सदासम
रविजयिनाम्

आगे स्वर्गवासी श्री ३ महाराज चन्द्र समसेर जङ्ग बाहादुर राणाका श्री

श्रवडा माहारानीके पश्चीं १ नम्वर नुवाकोट मालनईलेनाका कातपमि
लकामा विकेखन।२७।१०कोतिरोरु २०।क्रोहाल नापठहरखत २।१६
।१०कोतिरोरु २०।भयाकोजगावगेचावनाउन नीमीत्त ८६सालका
वालीदेखि गाडीमु मारख गोडधुवा चुमावन स्मेत सर्वकर अकर
सर्वाङ्ग माफी संतांदर संतांसान पाउने गरी वक्सविर्तागरीव
क्स्यकाजगाको मेरानाउमा नाम्साहर गरीदीनु भन्ने जाचाहीने
सनद भैनापो मेड वंदी स्मेत भैसकेको छ मेरा नाउमा नाम्सा
हर भयाको छैन नाम्साहर गरी वक्स्य हुंदाहो भनी नीमीत्तश्री
मद्दतिप्रचराड भुजदराड त्यादी ओजस्वीराजन्य प्रोज्ज्वलने पा
लतारा अतिप्रवल गोर्खादक्षीरावाहु पृथुलाधीसश्रीश्रीश्रीम
हाराज जुद्धसम्सेरजङ्ग वाहादुर रामा जीसीयल यच जीसीयल जी
सीयस आई जीसीयसयसयम यल जी सी आई ई यिनङ्गपाव
टेङ्ग सुनचीयान लुचुयां स्यांङ्ग च्याङ्ग आनरेरी लेफटेन्यारेटज
नरल वृटिस आर्मी आनरेरी करौनल अफ अलादि गोर्खा राइ
फल रेजिमेन्ट सइन्डियान आर्मि प्राइमिमनिष्टर यारा सुप्रिकर्म्य
डरईन चिफर श्रीमद्राज कुमार कुमारात्मज श्रीसुप्रदीप्तम
न्यवर नेपाल तारा सुप्रसिद्ध प्रवल गोर्खादक्षीरा वाहुक म्यी
डरईन चीफ जनरल पद्मसम्सेर जङ्ग वहादुर राणाजीवीइके
सी आइई नेपाल प्रताप वर्धक मार्फत विंती पार्दा पश्चीं १ न

म्यार नुवाकोट माल र्‍ह्नाका को जगा साध सिवाना गर्नैथर घर
रवीलालउपाध्या निर्कुंड ड्डाल वावुसीं ठहीटी हनुमन्तसिं ठहीटीर
केवलसीं थवीवोध साधीयार कृष्णवाहादुर गुरं विदुटार मुखीया म
हारुद्र प्रमाद पाध्या विदुटार कृष्णवाहादुर पंत छेत्री वीदुटार मोहं
लाल डंगोल साघुवजार माहीको येकाघरको भाई लक्ष्मीदास
रंजितकार साघुवजार नुवाकोट मालको कार्यी मुकार्यी मु चैद्र
विक्रं ध्वज जोसी काठमाडौ मरुटोल रैकोसी कर्गा वाहादुर गुरं
नुवाकोट को सैदाप परेको ९१ साल मार्ग २१।४ का मिट्ट वन्दोवस
जों साध पुर्व विदुरटार म निको सिमखेत तर्फ जाने मुल वाटोके
डील साध लुहकील ताहादेखी दक्षीण यही वीदुरटारको रैक
र वाफाको डील साध लुहकील ताहादेखी पश्चीम यही वीदुरटार
कावारुाको डील र श्रीत्रीशुली गङ्गाको डील साध लुहकील त
हादेखी उत्तर श्रीत्रीशुली गङ्गाको डील साध लुहकील ताहादेखी पू
र्व पैल्हाकिल्लानक साध यती चौतर्फी साध सीवाना भीत्रको नपा
भ्मालखोयाको साबीक खेत ।२।७।१०कोटकरु २०। हाल नाप रुह
खेत २।१६।१० दुई खेत सोर्‍हमुरी दस पाथी कोटकरु २०।वीस रुपैआउ
तो भयाको जगा वगैचा वनाउन निमीत्त ८६ सालका वालीदखी गा
डी मुमारख गोड्ध्रुवा चुमावन स्मेत सर्व कर अकर सर्वाङ्ग माफी
सन्तानदरसंतान खान पाउने गरी हाम्रा वर्ष ३० का उमेर हुँदा वक्स

विर्ताको न्हाल्मोहर गरी वक्स्यौं आफ्नाखानोरजामासंग वक्स

वीर्नाजानोसंतांदरसंतां पर्य्यंत भोगगर ———

तपसील

असामी ——————————— साबीक हाल्ह्वापठहर
खेत तोरोरु खेत नोरोरु

जोद्दैनूवाकोट

सम्सेरदलपल्टं १० पट्टी ८५।८८ तसी

थंगी ———

७६ साल्देखीवाल्नीसाउने

नुवाकोट वाङ्गी टार खेत २१४ को घ्यो ६।४ घ्रु

रु ४।२८ दरीयाका वाली ठहरी जागीरदारवा

टरीकुवाभै मोन्हैकी ताप माचंदी रहकोमा

तल्सोदासरं जितकारका कवुलियतवमो

जीमूमा ग्ररुकसैले वढ्न नआयासम्म

नोजनुल्नसिदास रंजितकारवाट असुल

हुनेभनी लेखीयाको खेत २१४ कोठेकमो

रु ५० मध्येहाल्मोही रामभक्त प्रधांसाघु

वजार ——————— ।२५-१५।-।२६।५-१५।

छापमामोजेघोरघाटभनी

लेखियाको ———

५९साल्कोमोत

बाङ्गटार मोही सिंघविर गुरुं नुवाकोट मु
जगेलालको द२ खरीदो हाल्मोही पर्तिमा
गुरुं भन्नेको चीठो रंजितकारको स्वाल्मी
ले कमायाको नोरो रु ५।दरीयाको हाल्मो
ही नोरकुमारी रंजीतकारनी साध्य वजा
र ———————— १२।१० - ५। - १२।१० - ५।

१२।१० २०। १२८।१५ २०।

७८ सालको लम्वरी भये
मध्ये ————

समसेरदल पल्टं १० पट्टी ९५।१९९
सीआंगीको ————

सामाथी लेखीयाका येत २।१४ कोनोरो मा
रु ५०।दरीयाको जगामध्ये अवादी कहीग
री अरुवाको वाफ़ास्मेतको मोही नभयाको
वाफ़ापाखो जगास्मेत ११।४८।१३।२ मध्ये ——— ०।८।१५

०।८।१५

१२।१० २०। २।४।१० २०।

इतिसम्वत १९९२ साल मार्ग ७ गतेरोज ३ सुभम्

# अलौकिक मृत्युवरण

– जयदेव वैद्य

*[जयदेव वैद्य लेखक होइनन् व्यावसायिक तथा समाजसेवी व्यक्ति हुन् । नामुद डाक्टर (रेडियोलजिस्ट) डा. रघुवर वैद्यका छोरा हुन् उनी । भैरव रिसालजीले धेरै पटक भनेपछि उनले आफ्ना बुबाका अन्तिम दिनका केही झलकहरू लेखे । सरल भाषामा लेखिएको त्यो लेख हामीलाई पनि केही अलौकिक लाग्यो र 'नेपाली'का पाठकहरूलाई पनि यसले तान्ने छ जस्तो लागेर यहाँ प्रस्तुत गरेका छौँ । वैद्यजीले आफ्ना बुबा र अरू मान्यजनका लागि प्रयोग गरेका आदरार्थी क्रियापदहरू हामीले आफ्नो नियम बमोजिम साधारणीकरण गरेका छौँ । – सम्पादक]*

जिन्दगी अनिश्चितताको सँगालो हो। यसमा केही निश्चित छ भने त्यो मृत्यु मात्र हो । तर यस अवश्यम्भावी निश्चित परिणाम प्रति मानिस आत्मसात् गर्न र स्वीकार गर्न त परै जाओस् डरको समेत अनुभूति गर्दछ। यस्तो विषयको उल्लेख गर्नुको उद्देश्य यसको प्रतिवादको स्वरूप मैले देख्ने मौका पाएको र यो अनुभव केहीलाई सुनाउँदा यस विषयमा लेख्ने सुझावहरू प्राप्त हुने गर्थे। तर आजसम्म त्यसको प्रयास गरेको थिइनँ । हालसालै वरिष्ठ पत्रकार तथा मेरा चिरपरिचित हितैषी मित्र श्रद्धेय भैरव रिसालले यसलाई लेख्ने कर गरेको हुँदा विगतका लेखनमा खासै अनुभव नभए तापनि त्यो आग्रह नकार्न नसकी लेख्ने प्रयास गर्दै छु ।

नेपालको पहिलो एलोपाथिक चिकित्सक डा. रत्नदास वैद्यका तिन छोराहरूमध्ये जेठा रघुवर र माहिलो भरत डाक्टर भए भने कान्छा हुतराम नेपालको प्रथम कृषि इन्जिनियर भए । मेरा पिताजी डा. रघुवर र काका डा. भरत परलोक गमन भइसके पनि काका हुतराम ९० नाघेर अघि बढ्दै छन् । अहिलेको सन्दर्भ मेरो पिताजी रघुवरको जीवनका अन्तिम दिनहरूसँग गाँसिएको छ। सन्जोग मान्नुपर्छ- जो घटनाहरू बारे कलम चलाउने प्रयास गर्दै छु। तिनलाई मैले अठार वर्षअघि अनुभव गरेको थिएँ ।

जनआन्दोलन १ को परिणाम स्वरूप पुनर्स्थापित बहुदलीय व्यवस्था तथा प्रजातन्त्र बहालीको पहिलो तिहार हर्षोल्लासपूर्वक मनाएको केही दिन मात्र भएको थियो । तत्कालीन श्री ५ को सरकारको सेवाबाट निवृत्त भए पश्चात् संयुक्त राष्ट्र सङ्घको विश्व स्वास्थ्य सङ्घमा चौध वर्ष विदेशमा सेवा गरी निवृत्त भएका ७३ वर्षीया मेरा पिता मुटु रोगको कारण काठमाडौँको उचाइ स्वास्थ्य प्रतिकूल भएको कारण हेटौँडा निवासी भएका थिए। एकाबिहानै काका भरतको फोन आयो । वहाँ पनि सरकारी सेवाबाट निवृत्त भई स्वास्थ्यकै कारण सिराहामा बसेका, दाजु भेट्न हेटौँडा आएको बेला परेछ। काकाले मलाई तुरुन्त हेटौँडा आउन अह्राएपछि मेरो मनमा खुलदुली लाग्यो र कारण सोधेँ तर उताबाट कुनै खुलासा नदिई केवल आउनू मात्र भनियो । म मेरो छोरा जेसनलाई साथमा लिई गाडीमा हेटौँडाको लागि प्रस्थान गरेँ । बेलुका हेटौँडा घर पुग्दा काकाले घर बाहिर भेटेर 'मैले फोन गरेर बोलाएको कुरा नभन्नु' तिम्रो बुबालाई भोलि वीरगन्जमा जचाउन लानुपर्छ, कर गरेर लानु परेकोले तिमीलाई बोलाएको भनी खुलासा गरेपछि अलि ढुक्क भएँ। तर म अचानक आइपुगेकोमा आश्चर्य व्यक्त गर्दै बुबाले सोधेकामा 'त्यसै घुम्न आएको' भनेँ र भोलि वीरगन्ज जाने बताएँ । काका र म मिलेर भोलि सबै वीरगन्ज जाने कार्यक्रम बनायौँ । तर बुबाले नातिलाई सिराहा गएर आफूले देख्ने मौका नपाएको पुर्ख्यौली जग्गाको भिडियो खिचेर ल्याउन भनेपछि भोलिपल्ट छोरा सिराहातिर लाग्यो । हामी वीरगन्ज जाँदै बाटोमा दाजुभाइ दुवैले आफ्नो नियमित स्वास्थ्य परीक्षण पनि वीरगन्जमा गराउने निधो गऱ्यौँ । र वीरगन्जमा रगत जाँच, एक्सरे आदि गराई रिपोर्ट लिई हामी बेलुका हेटौँडा फर्क्यौँ। छोरा सिराहाबाट भिडियो खिचेर आइपुग्यो । सिराहाको भिडियो हेरेर पुर्ख्यौली जग्गा हेर्ने बाबुको इच्छा (रहर) मेटियो । एक्सरे हेरेर काकाको मनको शङ्काको पुष्टि भएछ। पछि थाहा भयो दाजुभाइ दुवैलाई शङ्का भएको रहेछ तर मलाई भनी नहाल्ने भनेर दाजुको आग्रह भएकाले काकाले मलाई सुटुक्क फोन गरी बोलाएको रहेछ। अत: एक्सरे प्लेट लिएर काठमाडौँको विशेषज्ञसँग सल्लाह गर्न मलाई फर्काउने निश्चय भयो र भोलिपल्टै काठमाडौँ फर्क्यौँ ।

मेरा पिताजी आफै एक्सरे विशेषज्ञ भए तापनि चौध वर्षको त्यस क्षेत्रमा भएका प्राविधिक विकासबारे अनभिज्ञ रहेको कारण त्यसताकाका विशेषज्ञ डा. नेत्रबहादुर अमात्य (मेरा मामा तेजबहादुर अमात्यको सुपुत्र) सँग सल्लाह लिने निर्णय भयो। काठमाडौं आएको भोलिपल्ट बिहान उनकै निवासबाट हेटौंडा फोन गरियो। एक्सरे हेर्दै तिन डाक्टरहरू बिच छलफल भयो। बुबा आफै डाक्टर भएका कारण एक्सरेमा कहाँ र के हेर्ने भन्ने विषयमा छलफल काठमाडौं नै आई अरू अनुसन्धान र जाँच गराउने निधो भयो। सोही अनुरूप दुई दिनपछि फेरि म बुबा र काकालाई लिन हेटौंडा गएँ ! बुबा र काका दुवै उमेरले ७० नाघेका र मुटुको पनि रोगी अनि त्यस समयमा नारायणघाट मुग्लिन भई काठमाडौं आउने बाटो धेरै नै बिग्रेको स्थितिका कारण त्रिभुवन राजपथबाट मात्र आउन सम्भव थियो। तसर्थ बुबाको गाडीको लागि चालक समेत लिएर म हेटौंडा पुगें। तर सिमभन्ज्याङ्गको उचाइबाट आउँदा श्वासप्रश्वासमा कठिनाइ उत्पन्न हुने हुँदा एक सिलिन्डर अक्सिजन समेत लिएर दुई दिनपछि काका र आमा सहित बुबालाई वहाँको गाडीमा र म र छोरा मेरो गाडीमा मालसामान राखी काठमाडौंतिर फर्क्यौं। बाटोमा रोक्दै दृश्यावलोकन तथा साथमा लिएको खाजा खाँदै र उकालो लाग्दा बाटामा अक्सिजन समेत प्रयोग गर्दै काठमाडौं आइपुग्यौं। हुनत: काका र बुबा दुवैलाई रोगको शङ्का भइसकेको थियो। तर निश्चित गर्नको लागि भोलिपल्टदेखि जाँच अनुसन्धान सुरु गरियो। रगत, पिसाब, एक्सरे तथा सिटी स्क्यान आदिको जाँचको रिपोर्ट आउन दुई दिन लाग्यो। सबै रिपोर्टले शङ्काको पुष्टि गर्दै गए। त्यही क्रममा म एक्सरेको रिपोर्ट अर्को विशेषज्ञलाई देखाई घर फर्कंदा निराशा मेरो अनुहारमा झल्केको हुन सक्छ, घर पुग्दा बुबाबाट सोधनी भैहाल्यो– 'डाक्टरले के भन्यो? मैले उम्कने प्रयास गर्दै रिपोर्ट हेर्नुहोस्, भनें अनि बुबाले सोझै क्यान्सर भन्यो होला हैन ? भनेपछि म निरुत्तर भएँ। मेरो मनमस्तिष्क नै ठप्प हुन पुग्यो। मेरो वाक्य फुटेन, वातावरण नै स्तब्ध भयो। जे जस्तो भए पनि मनलाई सम्हालेर वातावरण सहज बनाउन मैले भनें– "सिटी स्क्यानको रिपोर्ट भोलि मात्र आउँछ तब मात्र निश्चित हुन्छ।" बुबाले रिपोर्ट हेरे पनि पहिले जस्तै सहज रूपमा काका र अन्य परिवारसँग

भलाकुसारी गर्दै बसेको देखेर मैले आश्चर्य मानिरहें। भोलिपल्ट वीर अस्पतालमा सिटी स्क्यानको रिपोर्टबारे छलफल गर्न विशेषज्ञ डाक्टरहरू सात जना भेला भए र रिपोर्टबारे छफफल भयो। सबैले क्यान्सर भएको पुष्टि गरेर कलेजोदेखि मिर्गौला र कम्मरसम्म फैलिएको निर्क्यौल गरे तर प्राथमिक सङ्क्रमण कहाँ हो भन्न नसकेको महसुस गरे। यस विषयमा बिरामीलाई जानकारी दिने कि नदिने भन्ने भयो। कुरा लुकाउन नसकिने भएकाले त्यो कसले भन्ने मात्र छलफल भयो। अन्त्यमा डा. सञ्जयकुमार पहाडीले आफू नेपाल चिकित्सक सङ्घको अध्यक्ष भएको र 'रघुवर दाइ' त्यस सङ्घको संस्थापक पनि भएकाले आफै गएर जानकारी गराउन मन्जुर गरे।

डा. पहाडी आउनुअघि मै घर पुगेको थिएँ। भलाकुसारीपछि डाक्टरले बताउनुअघि नै बुबाले "क्यान्सर होला, होइन ?" भनी प्रश्न गरेपछि डा. पहाडीलाई विस्तृत छलफल गर्न सहज भएको थियो। छलफलको क्रममा क्यान्सर कुन अङ्ग अथवा ग्रन्थीमा प्रमुख सङ्क्रमण भएको हो त्यस विषयमा अझ अनुसन्धान गर्नुपर्ने ठहरियो र उपचारको विषयमा पनि छलफल भयो। यस विषयमा हाम्रो बुबाको निचोड र निर्णय स्पष्ट थियो। "डाक्टरसाहेब तपाईं मलाई केमोथेरापी गर्नू भन्नुहुन्छ होला। त्यसबाट मेरो बाँच्ने समय केही दिन लम्बिन सक्छ तर ती दिन पीडादायी तथा कष्टकर हुने छन् भन्ने मलाई थाहा छ। त्यसबाट मेरो क्यान्सर निर्मूल हुँदैन तर यस उपचारको क्रममा प्राथमिक सङ्क्रमण कहाँ हो त्यो थाहा हुन सक्छ। तर म यो प्रयोगको भागी हुन चाहन्नँ। आखिर मानिस भएर जन्मेपछि मृत्यु त अवश्यम्भावी छ, गन्तव्य त्यही नै हो भने त्यो गन्तव्य पुग्न किन घुमाउरो बाटो लिनु, सिधा बाटो नै जानु बेस। मैले मेरो जीवनमा आफूले गर्नुपर्ने कर्तव्य गरेँ, आफ्नो जीवन भरपुर जिएँ, मलाई आफ्नो कार्यको कुनै पश्चाताप छैन र आज आएर मलाई मृत्युसँग कुनै डर छैन। त्यसकारण म केमोथेरापीद्वारा लम्बिने बाटो र पीडादायी बाटोको सट्टा सोझो बाटो नै जान रुचाउँछु।" डाक्टर पहाडीले बुबाको यस भनाइलाई प्रतिकार गर्न सक्ने कुरै भएन। तर कुरा सुन्दै भावविह्वल भएर अवरुद्ध गलामा भने– "दाइ तपाईंको जे इच्छा।" डाक्टरसाहेबको यो अवस्था देखेर बुबाले नै "ए डाक्टरसाहेब,

बिरामीलाई त तपाईंले ढाढस दिनुपर्ने, यसरी बिरामीको अगाडि रुने हो ?" भनेपछि केहीबेर छलफल गरेर डा. पहाडी फर्के ।

डाक्टरसाहेबलाई घर बाहिर गाडीसम्म पुऱ्याउन जाँदा मैले उनीसँग केहीबेर कुरा गरेँ र बुबाको अब कति समय बाँकी छ भनेर सोधेँ । उनले ठ्याक्कै भन्न नसकिने तर 'एकदेखि डेढ महिनासम्म जाला' भने । यो सुनेर म स्तब्ध भएँ तर यथार्थलाई स्विकार्नु बाहेक अर्को उपाय थिएन । मर्माहत अवस्थामा फर्केर म बुबाको अगाडि बस्न गएँ । त्यतिखेर कोठामा एक्लै रहेका बुबाले मलाई 'कोठाको ढोका बन्द गरी सँगै आएर बस भनी अह्राएपछि म आज्ञाकारी पुत्रझैँ आएर बसेँ । बुबाको प्रश्न थियो– "के भन्छ पहाडी ?" म दोधारमा परेँ, के भन्ने के नभन्ने मैले, तर उम्कने प्रयास गरेँ "तपाईंलाई जे भन्यो मलाई त्यही भन्यो" तर त्यसले बुबाको चित्त बुझेन । अर्को प्रश्न आयो– "तिमीले केही सोधेनौ उसलाई ? मेरो बारेमा के भन्यो, मलाई कति समय दियो ? यी कुरा सोध्नुपर्दैन ? सोधेनौ तिमीले ?" अब म परेँ धरापमा, मैले सोचेँ म ढाँट्न सक्दिनँ बुबालाई, मैले सोधेको छु, त्यसैले मैले भनेँ– "समयको विषयमा त सोधेँ ।" "कति समय दियो उसले ?" मैले बढाएर भने "दुई अढाई महिना ।" यो सुन्नासाथ बुबा हाँसेको देखेँ मैले । उहाँले भन्नुभयो– "धत् ! के थाहा त्यसलाई ! दुई महिना होइन, बढीमा सात दिन नत्र, छ दिन" मलाई वज्रपात भए जस्तो भयो, म रन्थनिएँ, आत्तिएँ ।

त्यस बेला मेरो स्थिति देखेर बुबाले मलाई सान्त्वना दिँदै भनेको सम्झन्छु– "हेर, आत्तिएर हुँदैन ! तिमी मेरो जेठो छोरो, अब परिवारको बोझ तिमीले सम्हाल्नुपर्छ । मसँग अब धेरै समय छैन, एक-दुई दिनमा सबै काम पुरा गर्नुपर्छ ।" यति भन्दै उहाँले घरायसी कामकुरो र अन्य कामहरूको फेहरिस्त बताएको झलझली सम्झन्छु । अन्य विविध विषयहरू बाहेक बुबाको इच्छा भएको एउटा कार्य पुरा गर्न नसकेको एउटा कुरा रहेछ । त्यो गर्ने जिम्मा समेत मलाई दिँदै उहाँले भनेको अक्षरश: यही हो– "हेर हाम्रो डाक्टरको परिवारमा तिमीलाई डाक्टर बनाउने इच्छा थियो, तर तिमी डाक्टर भएनौ त्यसकारण, मेरो अन्तिम इच्छा एउटा छात्रवृत्ति स्थापना गर्ने जसबाट गरिब जेहेन्दार विद्यार्थीहरूलाई पढाई वर्षको कम्तीमा एक जना

डाक्टर उत्पादन होस्।" यस छात्रवृत्तिको व्यवस्थाको लागि केके गर्ने भन्ने पनि निर्देशन मैले त्यसै बेला पाएको हुँ। माता तथा पिताका नाममा "मथुरा रत्न छात्रवृत्ति" स्थापना भएको छ। गत दस वर्षदेखि नेपाल चिकित्सक सङ्घको रेखदेखमा त्यो सञ्चालन पनि भइरहेको छ। हालसम्म १० जना डाक्टर भइसकेका पनि छन् र ऐले अरू ८ जना पढ्दै छन्।

आफैले आफ्नो रोगको आकलन गरी आफ्नो बाँच्ने यति दिन बाँकी भएको समेत जानकारी भएको बताएका दिनदेखि बुबाको आफ्ना आफन्त, बन्धुबान्धवलाई बोलाई भेट्ने क्रम सुरु भयो। साथसाथै त्यसताका कर कार्यालयका अफिसर बुबाको पुरानो परिचित श्री बद्रीप्रसाद जोशीलाई बोलाई आफ्नो स्थिति बताउनुका साथै आफूले तिर्नुपर्ने बाँकी कर इत्यादिको विवरण अनुसार कर दाखिला गर्न अह्राएको म कैल्यै बिर्सन्नँ। त्यस्तै परिवारको घरायसी बन्दोबस्त र भविष्यमा खिचलो नहुने गरी घरसम्पत्तिको छोराहरूमा भागबन्डा तथा आमाको समेत व्यवस्था गर्ने आधिकारिक अभिलेख समेत तयार गर्न पनि बुबाले त्यसैबिच लगाएको हो। यसै क्रममा हामी सबैलाई अर्को निर्देशन पनि दिइएको थियो। त्यो थियो– उहाँको अन्तिम समयमा परम्परा अनुसार गोबरले लिपी भुइँमा राख्ने अथवा ब्रह्मनालमा सुताउने र मरण अवस्थामा पानी खुवाउने चलन अनुसार नगर्ने निर्देशन (म आफ्नै ओछ्यानमा शान्तिसँग मर्न चाहन्छु) "I want to die peacefully in bed !"

दिन बित्दै जाँदा बुबाले पहिले नै उल्लेख गरे जस्तै उहाँको शरीर गल्दै गयो। तर कतैकतै दुखेको र पीडाको आभास हामीले पाएनौं र उहाँको मनस्थिति पूर्ववत् सतर्क तथा दह्रो कायमै रह्यो। जो परिचित भेट्न आए तापनि विगतका साथ बिताएका रमाइला कुरा सम्झिने र हँसी-मजाक गरी यस जन्ममा साथ रहेको तर आफू जाने बेला भएको हुँदा सायद अर्को जन्ममा भेट हुन्छ होला भनी सबैलाई बिदा गर्ने गरेको देख्दा सबै अचम्म मान्थे। औपचारिक रूपमा तिमीसँग अब Farewell भनी बिदा हुँदा ती व्यक्ति केही विचलित भएको देखे बुबा नै उल्टो सम्झाउने– "हरे, सबैलाई मर्नुपर्छ, मर्नुसँग डराएर के गर्ने? टर्दैन, तिमीले समाएर राख्न सक्दै

नौँ त्यसकारण बिदावारी हुन्छु” भनी सम्झाउँदा उनीहरू रुँदै लस्कन्थे। कोही व्यक्ति दोहोरिएर भेट्न आएमा हिजो भेटेर गएको हैन, कति भेट्ने ? भनी भेट्नै नमान्ने भएकाले हामी रोकिदिन्थ्यौँ । धेरै पुराना साथीहरू- ज्यानबहादुर प्रधान, कर्णबहादुर श्रेष्ठ, शेषराज दली, ज. गुण शमशेर जबराहरू लगभग प्रत्येक दिन आउँथे तर नभेटी बिदा हुन्थे । यो क्रम चार दिनसम्म चल्यो र पाँचौँ दिन एकाबिहानै बुबाले मलाई “ए बाबु मेरो जाने बेला हुन लाग्यो, तिम्री आमासँग हाम्रो भिडियो लिने होइन ?” भनेको सुनेर मैले आँसु थाम्न सकिनँ तर भिडियो ल्याएर भने बमोजिम खिच्न थालेँ । आफैले अवलोकन गरी बुबा खुसी भएको देखेर मलाई पनि आत्मसन्तोष भयो । तर त्यस बेलाको दारुण दृश्यहरू उतार्दाको मेरो मनस्थिति सम्झिँदा अझै पनि विचलित हुने अवस्थामा पुग्दछु । भोलिपल्ट पूर्व लक्षित ६ दिन भएको हुँदा सबै चिन्तित तथा स्तब्ध थियौँ । छैटौँ दिन बिहान लगभग ६ बजे बुबाको हालत एकाएक ‘सिरियस’ भयो । अचेत अवस्थामा र अति मन्द श्वासको गतिमा रहनुभएका बुबालाई ओछ्यानमा सहज बनाई राखी हेरिरहनु सिवाय हाम्रो अर्को विकल्प थिएन । हामी सबैको ध्यान उहाँतर्फ मात्र थियो । अनायास उहाँको आँखा खुल्यो र बिस्तारै दुवै हात उठाई उहाँले नमस्कार गरेको देखेर हामी छक्क पऱ्यौँ। नमस्कार गरेको त बुबाको पुरानो सहृदयी मित्र ‘अघोरी बाबा’लाई पो रहेछ। उनी हाम्रो पछाडि कोठाको ढोकामा उभिरहेका रहेछन् । हामी सबै अचम्ममा पऱ्यौँ । नारायणघाट, देवघाटको आश्रम निवासी अघोरी बाबासँग बुबाको लगभग ४० वर्षदेखिको चिनजान थियो । बेलाबखत आइरहने हुँदा बाबासँग आध्यात्मिक सम्बन्ध नै हुनुपर्छ बुबाको । उनीहरू एक आपसलाई दुवै सम्मान तथा सद्भाव राख्दथे । तर बाबाको त्यस दिन अचानक आगमन त्यो पनि त्यस अवस्थामा अति आश्चर्यजनक थियो । ‘कसरी आइपुग्नुभयो’ भनी सोध्दा उनले भने– “देवघाटबाट नारायणगढ औषधी किन्न आएको थिएँ, अनायास रघुवरको याद आयो, बस चढेर आइपुगेँ ।” भावविह्वल हुँदै उनले भने। तर त्यसै बखत बुबाले हातले सङ्केत गरेको मैले बुझी तत्काल पाँच हजार रुपियाँ ल्याएर दिएँ बुबालाई। बुबाले त्यो बाबालाई चढाउँदै भनेको


सम्झन्छु– "बाबा, यो मेरो अन्तिम भेटी तपाईंलाई, म तपाईंलाई पर्खेर बसेको थिएँ। तपाईं आउनुभयो, खुसी लाग्यो।" यसपछि दुई मित्र पुरानो कुरा गर्न लागे। बुबाले बिचबिचमा विभिन्न ठाउँमा राखिएका बाबाका सामानहरू- कोट, बट्टा, लट्ठी सम्झिँदै, झिक्न लगाउँदै उहाँलाई बुझाउँदै गरेको पनि अविस्मरणीय छन्। दुई मित्रले यसरी पुरा दिन गफ गर्दै बिताए।

त्यस दिन अरू केही नातेदारहरू पनि भेटघाटका लागि आएका थिए। सबैसँग पुराना कुरा गरी बिदावारी हुँदै दिन बित्यो। साँझ खाना खाई सुत्ने बेला लगभग नौ बजे बुबाले कम्मर दुखेको कुरा गरेको सुन्दा अचम्म लाग्यो। किनभने दुई हप्ताको अवधिमा बुबाले आफूलाई कतै दुखेको कुरा व्यक्त गरेको म सम्झन्नँ। दुखाई कम गर्न तातो लगाउने र केही मालिस गरेपछि सहज महसुस भई एघार बजेतिर निदाएपछि म केही आश्वस्त भएको थिएँ। तर मलाई भोलि सातौँ दिनको चिन्ताले आँखा लाग्न सकेको थिएन गएको एक हप्ताझैँ त्यस रात पनि म बुबाको खाटसँगै घोत्लिएर बिताएँ।

सातौँ दिन बिहान झिसमिसेमा म आफ्नो बिहानको चर्या सम्पन्न गर्न आफ्नो कोठातिर लागेँ। बिरामी श्रीमतीसँग कुरा गर्दै केही अलमलिएँ। साथै सात दिनको अनिद्राको कारण केही क्षण आँखा पनि लाग्यो। त्यतिखेरै आठ बजे बिहान बुबाबाट बोलावट भयो। त्यसै गरी बुबाले एक जना पण्डितलाई पनि बोलाइसक्नुभएको रहेछ। म उहाँको कोठा पुग्दा पण्डित पाठ गर्दै थिए। उसको एउटा उच्चारणको त्रुटिलाई बुबाले सच्याएको समेत सुन्दा म आश्चर्यचकित भएको थिएँ। म आएको देखेर आफूकहाँ बोलाई मलाई अँगालोमा लिई कानमा मलाई "सविता खोइ ?" भनी सोधेको देखेर पनि अचम्म लाग्यो। सविता (मेरी श्रीमती)लाई पनि मैले त्यस बेला अशक्त भए पनि बिस्तारै बुबाकहाँ आउन भनेको थिएँ। म दौडिँदै उहाँको कोठामा पुगेको थिएँ। उहाँको उत्सुकतालाई मैले "सविता आउँदै छ" भनेँ र त्यतिखेरै उनी आइपुगिन् र मैले "उ आइपुग्यो" भनेँ। अनि बुबा र सविताको "कस्तो छ ? कस्तो छ ?" चल्यो। बुबाको कस्तो छ ? मा सविताले सन्चो छ भने पनि सविताको कस्तो छ ? को प्रतिप्रश्नको जवाफ बुबाको एउटा मन्दमुस्कान मात्र आयो र

आरामको लागि आँखा बन्द। परिवारका सबै कोठामा थियौं पलङको वरपर। केही बेरको पर्खाइपछि उहाँका आँखा खुले र दुवै हात बिस्तारै आफ्नो शिरतर्फ उठ्यो र निधारमाथि पुऱ्याई दुवै हत्केला जोडेर नमस्कारको मुद्रा गर्दै ॐको उच्चारण गरी बुबाको आँखा चिरनिद्रामा बन्द भए।

यसरी कार्तिक कृष्णपक्ष चौथी मङ्गलबार तदनुसार कार्तिक २० गते २०४७, नोभेम्बर ६, १९९० बिहान ९:०० बजे मेरा पिता डा. रघुवर वैद्यको जीवनको पटाक्षेप भयो।



*(पृष्ठ २ को बाँकी)*

देखि कसरी मुख खोलेका छन्, केके भने उनीहरूले र के लेखे एक एक हुलिया दिएका छन् ।

कुन्दन अर्याल लेख्छन्– "मानव अधिकारको संरक्षण र संवर्द्धनमा प्रेसको भूमिकाको सम्बन्धमा विवेचना गर्दा मानवअधिकार उल्लङ्घनका घटनालाई प्रेसले कति स्थान दिएको छ, कस्ता प्रकाशित गरेको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ ।" नभन्दै उनले घटना घटना १, घटना २ इत्यादि भनी मितिमितिमा भएका यस्ता 'वारदात'को बेहोरा दिएका छन्, एउटा खास अवधिको । भनिएको छ–

"सन् २००८ को डिसेम्बरदेखि सन् २०१० सम्म गरिएको यस अध्ययनका क्रममा सन् २००६ को जनआन्दोलनपछिको अवधिमा पनि भयको मनोविज्ञानले समाचारको उदयमै समाचारलाई दबाउने वा नभएको घटनालाई समाचारको रूपमा थपिने प्रवृत्तिको विकास भएको देखिन्छ ।"

भोलि नेपालको राजनीतिक इतिहास लेख्ने काममा यस्ता मसिना पुस्तिकाले मोटै सहयोग पुऱ्याउन सक्छन् भन्ने कुरा यतिबाट पनि बुझिन्छ होला ।

– क. दी.

## सम्पादकीय

### यो अङ्क

यो अङ्क मदन पुरस्कार वितरण समारोहको विवरण दिनमै सीमित जस्तो छ । भए पनि यसमा दुइटासम्म नयाँ कोसेली पनि पस्कन यो सफल भएको छ ('सम्पादक' स्वयम्ले लेखेको भए पनि) । एउटा नायाँ लालमोहर निकै सूचना बोकेर आएको यहाँ देखिने छ । अर्को एक जना एकदमै नयाँ लेखकको लेख छ बुबाको मृत्युको सम्झनामा लेखिएको । यस अङ्कका फोटोहरू पनि ऐतिहासिक ठहर्ने नै छन् भन्ने सम्पादकले ठानेको छ ।

### रथी यज्ञविक्रम राणा

मदन पुरस्कार गुठीको प्रबन्ध समितिका आदरणीय सदस्य सहायक रथी श्री यज्ञविक्रम राणाको गत साउनमा स्वर्गवास भयो। २०५२ सालदेखि नै गुठीको साधारण सभाको सदस्य भई २०६० सालदेखि प्रबन्ध समितिमा उहाँको मनोनयन भएको हो। गुठीको उपसमिति-क मा समेत रहेर  धेरै वर्षदेखि अमूल्य समय दिँदै आएका जर्नेलसाहेबको अभाव गुठीलाई भएको छ। गत वर्षदेखि अस्वस्थ रहँदै आएका राणाज्यूको देहावसान भने अचानक नै भएको थियो । उहाँका श्रीमती छोरा तथा दुई छोरीहरू र परिवारमाथि पर्न आएको यो दैवी विपत्मा हामी समवेदना व्यक्त गर्दै दिवङ्गत आत्माको चिरशान्तिको प्रार्थना भगवान् पशुपतिनाथ समक्ष गर्दछौँ ।

### अर्को शोक

गुठीको प्रबन्ध समितिका सदस्य स. रथी यज्ञविक्रम राणाको निधन भएको महिना दिन पनि नपुग्दै यही गएको साउनको २१ गते प्रबन्ध समितिका अर्का सदस्य आदरणीय गुरुज्यू, वयोवृद्ध नयनराज पाण्डेको पनि चोला उठ्यो । लगालग पर्न गएका यी दुई शोकले गुठीको परिवार नै स्तब्ध भएको छ । निकै समयदेखि बडागुरुज्यूको स्वास्थ्य बिग्रँदै गएको थियो र गत एक वर्ष यता त गुठीका क्रियाकलापमा समेत उहाँको उपस्थिति र सहभागिता हुन छाडेको थियो । केही महिनाअघि उहाँकी सहधर्मिणी गुरुमाले परलोक गमन

गरेपछि त उहाँको शारीरिक अवस्था झन्झन् क्षीण भएको थियो। गुठीको संस्थापक गुठियारमध्येको एक जना बडागुरुज्यू भोगेन्द्रराज पाण्डेको अवसानपछि २०१७ सालमा उहाँका माहिला छोरा नयनराज पाण्डेको गुठीको प्रबन्ध समितिमा मनोनयन भएको थियो। आधा शताब्दीभन्दा बढीदेखिको निरन्तर संलग्नता पश्चात् यसरी बडागुरुज्यूसँगको सामीप्य छुटेकोमा गुठी ठुलो अभाव अनुभव गर्दै छ। हामी गुरुज्यूको परिवारमा समवेदना प्रकट गर्दै दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दछौँ।

**फेरि शोक**

२०६६ सालमा 'जगदम्बा-श्री'द्वारा विभूषित गरेर गुठीले सम्मान गरेका विद्वान् रामशरण दर्नालको पनि निधन भयो यही असोज महिना (१ गते साँझ) मा। उमेरले ल्याउने साधारण रुग्णता बाहेक उहाँमा अरू कुनै रोग थिएन। तर हालै, घरैमा लडेर चोट लागेपछि उहाँ थलिनुभएको बुझियो। श्री रामशरण दर्नालको देहावसानले नेपाली विद्वद् समाजले एक जना ठुला साधकलाई गुमाएको छ। सङ्गीत क्षेत्रको विशद ज्ञाता, संस्कृतिविद् गुठीका एक जना "ब्यौला"को निधनमा गुठी परिवार दुःखित छ। गुठीका तर्फबाट श्री दर्नालको परिवारलाई हार्दिक समवेदना अर्पण गर्छ 'नेपाली'।